प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६


बुद्ध सम्वत् २५५४
नेपाल सम्वत् ११३१
इस्वी सम्वत् २०११
बिक्रम सम्वत् २०६७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## *A Buddhist Monthly*
**18th FEB 2011**

| वर्ष- २८ | अङ्क- १० | सि पुन्हि | फाल्गुण २०६७ |
|---|---|---|---|




निन्द्रा नलाग्ने व्यक्तिलाई रात लामो लाग्नेछ । थाकिएको व्यक्तिलाई एक योजन मार्ग पनि लामो (टाढा) लाग्नेछ । यसरी नै सद्धर्म थाहा नपाउने मूर्ख व्यक्तिहरूलाई संसार लामो लाग्नेछ ।

सकेसम्म आफू भन्दा उत्तम व्यक्तिहरूसंग सतसंगत गर्नु अथवा आफू सरहका व्यक्तिहरूसंग सत्संगत गर्नु । ती व्यक्तिहरू नभेटिएमा बाल मूर्खहरूसंग संगत गर्नुभन्दा दृढतापूर्वक एक्लै रहनुनै उत्तम हुनेछ ।

मेरो छोरो छ, मसंग धन छ, भनी चिन्तना गर्ने व्यक्तिहरूलाई दु:ख हुनेछ । आफ्नो शरीर नै आफूले भनेजस्तो छैन भने पुत्र आदि धन आफूले भने जस्तो कहाँ हुन्छ र ?

यदि मूर्ख व्यक्तिले आफूलाई मूर्ख भनी बुझ्न सक्छ भने त्यस व्यक्तिलाई नै पण्डित भनिन्छ । तर मूर्ख भइकन पनि “म पण्डित” भन्दै फूर्तिलगाएर हिंड्ने व्यक्तिलाई खासगरी मूर्ख भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# बुद्धको विशेषता

अन्य धर्मप्रवर्तक र धर्ममा नभएको विशेषताहरू बुद्ध र उहाँले दिनुभएको उपदेशमा देखिन्छ । बुद्धले भन्नुभएको तपस्याको आत्म कथा अनुसार सिद्धार्थ कुमार हुँदा शान्तिको मार्ग पत्ता लगाउन ६ वर्षसम्म अनुसन्धान गर्नुभयो। तत्कालीन ६२ प्रकारका मिथ्यादृष्टि (अन्धविश्वास) लाई यथार्थ रूपमा अनुभव गर्नुभयो र ती सबै प्रकारका मिथ्यादृष्टिद्वारा शान्ति प्राप्त गर्न नसक्ने भनी निष्कर्ष निकाल्नुभयो । यो कुरा दीघनिकायको ब्रह्मजाल सूत्रले उल्लेख गरेको छ ।

चन्दनको रूखलाई जत्ति गहिरोसम्म काट्दै जान्छ त्यति-त्यति नै सुगन्ध प्रवाहित हुन्छ। त्यस्तै बुद्धको जीवन अध्ययन गर्दै जाँदा पनि झन्-झन् सम्पूर्ण ज्ञानको कुरा प्राप्त हुनेगर्छ ।

६ वर्षसम्मको अनुसन्धानपछि बुद्धगयामा पिपल रूखमुनि बसेर विपश्यना ध्यानद्वारा पत्ता लगाउनुभयो– संसारमा दुःख छ, दुःखको कारण छ, दुःखको अन्त हुन सक्छ, दुःखको अन्त हुने आर्य अष्टाङ्गिक मध्यम मार्ग छ र यसको व्याख्या गर्नुभयो– कुनै चीजमा धेरै आसक्त नहुनु, मतलब मात्रा ठीक हुनुपर्ने । जीवन सुविधा मुखी र दुःखी जीवनबाट मुक्त हुनसके जीवन सुखी हुनसक्छ ।

उहाँको नौलो काम हो आफूले प्राप्त गरेको धर्मको ज्ञान प्रचारको लागि सारनाथमा धनाध्य उच्चस्तरीय युवावर्गलाई संगठन गरी त्यागी बनाइ संघ गठन गर्नुभयो। शुद्ध त्याग भावना हुनुपर्ने दृष्टि (समझदारी) सही हुनुपर्ने आदि नवगठित संघलाई तालिम दिएर बहुजन हित, बुहजन सुख धर्म प्रचारार्थ गाउँ गाउँमा, नगर नगरमा पठाउनुभयो ।

अज्ञानीहरूलाई दुःखबाट मुक्त गर्ने उद्देश्य लिएर दरवार त्यागे पनि बुद्धत्व प्राप्त पछि कसैको पनि दुःखबाट मुक्तगर्ने जिम्मा लिनुभएन, बरू दुःखबाट मुक्तहुने मार्ग प्रदर्शक मात्र बन्नुभयो । शुद्ध र अशुद्ध हुनु आफ्नै हातमा छ ।

आफ्नो मालिक आफै हो अत्ताहि अत्तनोनाथो भन्नुभयो । दुःखबाट मुक्त हुनको लागि आफैंले प्रयत्न गर्नुपर्ने, आफूलाई आफैले चिन्नुपर्ने मतलब अन्तर्मुखी हुनुपर्ने, बहिर्मुखी हुनुभएन ।

अर्को बुद्धवचन चिरस्मरणीय सबै पाप नगर्नु, पुण्य मात्र गरेर पुग्दैन चित्त शुद्ध हुनुपर्ने । अनि मात्र दुःखबाट मुक्त हुन सक्ने छ । चित्त शुद्धि विना शान्ति असम्भव छ ।

बुद्धभन्नुहुन्छ– मानिसहरू धेरै अज्ञानीहरू रहेछन् । जीवन मुक्त हुनको लागि प्राणीहिंसा गरेर बलि दिने गर्छन् । धर्मको नाउँमा हिंसा गरेर धर्म हुँदैन । पाप हुन्छ ।

बुद्ध भन्नुहुन्छ– न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो, जन्मले कोही पनि नीच र उच्च हुँदैन । जाति अभिमानले गर्दा धर्मलाई कुबाटोमा लगाइदियो । जातले मानिसमा अहंकार बढाउँछ ।

बुद्धभन्नुहुन्छ– कुनै कुरा पुस्तकमा लेखेको छ भन्दैमा विना बुझी, विचार नगरेर स्वीकार गर्नुहुन्न । कुनैपनि विद्वानले बुद्धले भनेको भनी एकैचोटी विश्वास गर्नुहुन्न । *(अंगुत्तर निकाय)* मतलब पुस्तकलाई प्रमाणिक नमान्नु ।

बुद्धभन्नुहुन्छ आत्मालाई नित्य मान्नुहुन्न । आत्मा मान्दाखेरी अहंकार बढ्छ । अरू धेरै धर्मले आत्मालाई नित्यमान्छन् ।

बुद्ध भन्नुहुन्छ, भिक्षुहरू ! अरूले बुद्ध, धर्म र संघको प्रशंसा र वर्णन गर्दा यदि तिमीहरू खुशी भयौ भने यसबाट तिमीहरूको हानि हुन्छ ।

त्यस्तै अरूले बुद्ध, धर्म र संघको निन्दागरे पनि त्यहाँ तिमीहरूले क्रोध र असन्तोष भई नकारात्मक प्रतिक्रिया गर्नुहुन्न। यसोभयो भने त्यसले तिमीहरूको हानि हुन्छ । *(ब्रह्मजाल सूत्र)*

बुद्ध भन्नुहुन्छ– अरूले नराम्रो कुरा र नराम्रो काम गरिरहेको देख्दा उसप्रति क्रोध नगरी त्यस्ता कुरा र काम आफूले गरेको छ कि छैन एकचोटी विचार गर्नु बेस छ । *(धम्मपद)*

बुद्ध भन्नुहुन्छ– भिक्षुहरू ! तिमीहरूलाई मैले भने को कुरा अप्ठचारो लाग्छ भने म सुधार गर्नेछु । *(संयुक्त निकाय)*

उपयुक्त कुराहरू बुद्धका विशेषताहरू हुन् ।



Downloaded from http://www.dhamma.digital

# तेस्रो दिन

✍ सत्यनारायण गोयन्का
अनुवादक- विश्व शाक्य

आज हाम्रो साधनाको तेस्रो दिन पूराभयो । भोलि मध्यान्ह्मा विपश्यना दिइनेछ । त्यसबेलासम्म स्मृतिको अभ्यास गर्नु छ अनि समाधिलाई अझ पुष्ट गर्नु छ । मनलाई अरू सूक्ष्म तथा तीक्ष्ण बनाउनु छ ।

ध्यानको स्थानलाई अलिकति साँघुरो गर्नुपर्नेछ । अब उप्रान्त नाकको प्वालको मुनि माथिल्लो ओंठको माथि सम्मको जुन स्थान छ, त्यसमा जुन सम्वेदना थाहा हुने हुन्छ त्यसलाई महत्त्व दिइनेछ जान्न ।

सम्वेदना शब्दलाई लिएर साधकहरूको मनमा एउटा भ्रम, एउटा भ्रान्ति पैदा हुन्छ किनकि ध्यानको नाममा हामीले धेरै नै बौद्धिक लेप लगाइसकेका छौं र कुनै अलौकिक अनुभूतिको अपेक्षा गर्न थालिन्छ तर यो विधिको आफ्नै विशेषता छ । यहाँ कुनै अलौकिकता जो स्वभाविक छ, नैसर्गिक छ, वास्तविक छ, बस केवल त्यसैलाई थाहापाउनु छ ।

हिजो हामीले धर्मको आठ अङ्गमध्ये छ: अङ्गको चर्चा गरेका थियौं । शीलको बारेमा चर्चाभयो जसमा शरीर र वचनको दुष्कर्मबाट बच्ने कुरा थिए । समाधिको बारेमा चर्चा भयो जसमा मनलाई वशमा राख्ने कुरा आए तर मनमाथि दमन गरेर, जोर-जवरजस्ती गरेर कसैले पनि दु:खबाट छुटकारा पाउन सक्दैन । प्रत्येक दमनले हाम्रो मनमा एउटा नयाँ गाँठो, एउटा नयाँ बेचैनी पैदा-गरिदिन्छ । दमनबाट एक पटकलाई शरीर र वचनबाट हुने दुष्कर्मबाट त बच्न सकिन्छ किनकि मन आफ्नो अधीनमा आइहाल्यो तर यो नै सही समाधान होइन । शुरूआत त अवश्य त्यसबाट हुन्छ तर अति नगण्यमात्र । हामीलाई अरू अगाडि बढ्नु छ अनि त्यसैलाई **'प्रज्ञा'** भनिन्छ । प्रज्ञाको क्षेत्रमा गहिराइसम्म डुबुल्की लगाउन सक्यौं भने मनलाई दमन गर्नुपर्ने जरूरत पर्नेछैन ।

आज प्रज्ञाको क्षेत्रलाई बौद्धिक स्तरमा सम्झनेछौं । धर्मका बाँकी दुईवटा प्रज्ञाका अन्तर्गत आउँछन् । "**सम्मा सङ्कप्पो**" अर्थात् सम्यक् सङ्कल्प अनि "**सम्मा दिट्ठि**", अर्थात् सम्यक् दृष्टि ।

सङ्कल्पको अर्थ हो– चिन्तन, मनन । हाम्रो मनमा जो विचार चल्छ, सङ्कल्प-विकल्प चल्छ, त्यो सम्यक हुनुपर्दछ, सही हुनुपर्दछ । जब हामीले साधनाको अभ्यास थालनी गरेका थियौं उसबेला पनि विचार चल्थ्यो र अहिले पनि चल्छ । प्रत्येक साधकले अनुभव गरेको हुनुपर्छ कि जब हामीले काम शुरू गऱ्यौं त्यसबेला विचार अधिकार रागरञ्जित, द्वेष-दूषित र मोह-विमूढित थियो । श्वासप्रति साक्षीभाव ल्याउँदा-ल्याउँदा, स्मृतिको अभ्यास गर्दा-गर्दा अनुभव भएको हुनुपर्छ कि दूषित विचारबाट अलि अलि छुटकारा पाउन थालिएको छ । दूषित विचार कम हुन थालेको छ ।

प्रज्ञाको क्षेत्रको दोस्रो अङ्ग हो सम्यक् दृष्टि, सम्यक् दर्शन । दर्शन शब्द आजभोलि सारै भ्रामक हुन गएको छ । पच्चीस सय वर्ष पहिले पनि दर्शन शब्दको दुरुपयोग हुन थालेको थियो । ध्यानको क्षेत्रमा, अध्यात्मको क्षेत्रमा जुन सही अर्थको प्रयोग हुनुपर्ने हो त्यो लुप्त भएर गयो अनि दर्शनको अर्थ हुन थाल्यो खास खास परम्पराहरू र मान्यताहरू । प्रत्येक सम्प्रदायका आफ्ना भिन्न-भिन्नै दार्शनिक मान्यताहरू हुन्छन् । प्रत्येक सम्प्रदायले आफ्ना यिनै दार्शनिक मान्यताहरूलाई महत्त्व दिन्छन् र मान्छन् कि यही सम्यक् दर्शन हो । बस, यहींनिर विवाद उत्पन्न भयो । दर्शनको सही र वास्तविक अर्थ लुप्तभयो । दर्शनको सही अर्थ हो जुन कुरा, जुन वस्तु जस्तो छ त्यसलाई त्यसरी नै त्यसको गुण-धर्म-स्वभावमा हेर्नु । यही सम्यक् दर्शन हो ।

प्रज्ञाका तीन तह छन्– श्रुतमयी प्रज्ञा, चिन्तनमयी प्रज्ञा र भावनामयी प्रज्ञा ।

श्रुतमयी प्रज्ञाको अर्थ त्यो ज्ञान हो जुन हामीले सुन्यौं अर्थात् शास्त्रहरूमा पढयौं । धेरै उपयोगी छ यो ज्ञान । यसको आफ्नै फाइदा छ । यसबाट प्रेरणा प्राप्त हुन्छ, मार्ग दर्शन प्राप्त हुन्छ तर कुनै कुरालाई श्रद्धापूर्वक मानेरमात्र पर्याप्त हुँदैन यस ज्ञानबाट, मार्ग-दर्शनबाट प्रेरणा लिएर अगाडि कदम बढाउन सकियोस् तब लाभदायी हुन्छ । अथवा केवल सुनेको या पढेको ज्ञानले मात्र अन्ध-श्रद्धाको रूप लिने हुन्छ ।

चिन्तनमयी प्रज्ञाको आफ्नै महत्त्व छ । चिन्तन-मनन गर्नु मनुष्यको स्वभाव हो, उसको आफ्नै प्राकृतिक धर्म हो । ऊ हरेक कुराहरू आफ्नो बुद्धिको कसौटिमा राखेर हेर्नेछ । मनन गरेर नै स्वीकार गर्नेछ । यो प्रज्ञाको दोस्रो



Downloaded from http://www.dhamma.digital

क्षेत्र हो । जतिपनि कुरा सुनेका छौं, पढेका छौं त्यसलाई राम्ररी चिन्तन मनन गरेर यो निश्चित गर्नु छ कि कुन कुरा युक्ति सङ्गत छ, न्याय-सङ्गत छ, तर्क-सङ्गत छ, धर्म-सङ्गत छ ? तबमात्र त्यसलाई स्वीकार गरिनु पर्दछ तर योभन्दा पनि अगाडि एउटा अर्को कदम चाल्नुपर्ने हुन्छ, यदि त्यो पाइला चालिएन भने स्थिति अरू खतरनाक हुन सक्ने हुन्छ । शिरमा एउटा घमण्ड पैदा भएर आउन सक्छ कि मलाई ज्ञान लाभ भयो । सबै शास्त्र पढिसकें, ती शास्त्रहरूलाई तर्क-वितर्कबाट सम्झिसकें । म सारै प्रज्ञावान् बनिसकें । यो पनि बडो भ्रान्तिमय स्थिति हो । जबसम्म आफ्नो अनुभूतिको स्तरमा आफ्नो ज्ञानको वृद्धि हुँदैन, सही अर्थमा लाभ हुँदैन ।

तसर्थ, श्रुतमयी तथा चिन्तनमयी प्रज्ञाबाट लाभ उठाएर अगाडि बढ्नु नै भावनामयी प्रज्ञाको क्षेत्रमा प्रवेश गर्नु हो । आफ्नो अनुभूतिको बलमा जुन प्रज्ञा बढ्ने हुन्छ त्यो कल्याणकारी प्रज्ञा हुन्छ । त्यसैबाट मनोबल सुध्रिने हुन्छ, पुराना गाँठाहरू खुल्ने हुन्छन्, नयाँ गाँठाहरू बाँध्न दिइँदैन । हामीले जुन साधना गरिरहेका छौं त्यसको लक्ष्य यही हो कि प्रत्येक साधकको भावनामयी प्रज्ञा जागृत होस् ।

हरेक परम्पराका महापुरूषहरूले जुन कुरा भने, आफ्ना अनुभवले भने तर ती कहावटहरू हाम्रो कामको लागि तब हुने हुन् जब ती सारा अनुभवहरू हाम्रा व्यवहारमा उतार्छौं । जुनै अनुभूतिहरू हुन्छन् तिनलाई शब्दमा पूर्णरूपले प्रस्तुत गर्न सकिन्न । कुनै अनुभूतिहरू यस्ता पनि हुन्छन् जो इन्द्रियातीत छन् । अन्तिम सत्यको अनुभूतिहरूलाई शब्दमा उतार्नु निक्कै कठिन छ किनकि शब्दको आफ्नो सीमा हुन्छ, भाषाको आफ्नो सीमा हुन्छ । त्यसैले सत्यको खोजमा निस्केको साधकको लागि यो आवश्यक छ कि सत्यलाई आफ्नो अनुभूति बाट नै जानोस् । यही भावनामयी प्रज्ञा हो । यसरी सत्यको खोजी प्रारम्भ गऱ्यौं भने अन्तर्मुखी भएर जुन सत्यको पहिला दर्शन गर्छौं त्यो हमेशा स्थूल, ठोस नै हुन्छन् । स्थूल सत्यको दर्शन हुन्छ, घनीभूत सत्यको दर्शन हुन्छ । घनीभूत सत्यलाई देख्दादेख्दै त्यो पनि टुक्रा हुन थाल्छ र अन्तत: अन्तिम सत्य परम सत्यसम्म जाने हुन्छ । आफ्नो अनुभूतिबाट जो जानिरहेको छ त्यही आफ्नो प्रज्ञा हो । यो प्रज्ञा कसरी वृद्धि हुन्छ, कसरी भावित हुन्छ, कसरी यसको बहुलीकरण हुन्छ ? जुन सच्चाइ जसरी प्रकट भयो, त्यसलाई त्यसरी नै हेर्नेछौं, त्यसरी नै स्वीकार्नेछौं । यसमाथि कुनै मान्यताको, दर्शनको अथवा रागको, द्वेषको र भ्रान्तिको रङ्ग-रोगन लगाउँनै छैनौं ।

सबैभन्दा पहिलो स्थूल सत्यता हाम्रो शरीर हो । यसैबाट काम प्रारम्भ गर्छौं र यसको सूक्ष्मतामा प्रवेश गर्नेछौं । उसको गुण, धर्म, स्वभावलाई देख्नेछौं । यसपछि जो इन्द्रियातीत धर्म छ, सत्यता छ, लोकातीत छ उसको साक्षात्कार आफसेआफ हुनेछ ।

शरीर र संसारको अनित्यता तथा क्षण- भँगुरतावारे खूब सुनेका छौं पढेका छौं तर अनुभूतिको माध्यमबाट महशूश गरेका छैनौं । त्यसैले धेरै भ्रम पर्ने हुन्छ । त्यस व्यक्ति, जसलाई सम्यक् सम्बोधि प्राप्त भयो, ले बाहिरी दुनियाँलाई राम्ररी देख्यो । बाहिरी सत्यलाई राम्ररी देख्यो । त्यसपछि अन्तर्मुखी भएर भित्रको सत्यलाई हेर्ने कोशिश गऱ्यौं । यस शरीरको सच्चाइ के छ ? हाड छ, मासु छ, रगत छ, छाला छ इत्यादि । फेरि यसलाई सानो सानो भागमा विभाजन गरिहेऱ्यो तब थाहा पायो कि यी सब सानाभन्दा साना परमाणु-कणहरूबाट बनेका छन् र यिनीहरू क्षणभरमा उत्पन्न हुन्छन् । क्षणभरमा नष्ट हुने यी कण 'परमाणु' भन्दापनि साना छन् । त्यस बेलाको समृद्धिशाली भाषामा पनि यस्तो छ, स-साना कणहरूलाई व्यक्त गर्नको लागि कुनै शब्द थिएन । तब एउटा नयाँ शब्द दिइयो 'अष्टकलाप' । अष्टकलाप त्यस अंशलाई भनियो जहाँ आठ वस्तु समाहित हुन्छन् । त्यसलाई अरू टुक्रा पार्न सकिन्न । यही नै भौतिक जगतको सानोभन्दा सानो एकाइ (अंश) हो ।

कुन आठ वस्तुहरू समाहित छन् ? चारवटा भौतिक तत्त्व तथा उनका आ-आफ्ना गुण, धर्म, स्वभावहरू । पृथ्वीतत्त्व, जलतत्त्व, अग्नितत्त्व तथा आफ्ना आफ्ना गुण-धर्महरूका साथ । अनि फेरि देखियो कि यी जुन सानाभन्दा साना अंगहरू छन् ती पनि ठोस होइनन् । तरङ्ग-तरङ्गमात्र हुन् । नश्वर छन्, भंगुर छन्, उत्पन्न र विनाश हुनेमात्र हुन् र फेरि यी तरङ्गहरू यति तीव्र गतिमा उत्पन्न विनाश हुँदै गरेको देखियो कि एक पलमै यी अष्टकलाप अनेक शत सहस्र कोटिसम्म उत्पन्न भएर विनाश हुने गर्छन् ।

आफ्नै अनुभूतिबाट जब यो कुरा स्पष्ट हुन्छ कि यो शरीर कति अनित्य छ, कति भंगुर छ ! प्रतिक्षण उत्पन्न हुन्छ, । प्रतिक्षण विनाश हुन्छ त आसक्तिहरू आफसेआफ



Downloaded from http://www.dhamma.digital

निर्बल भएर जान्छन् । जति जति अनुभूतिको यो प्रज्ञा पुष्ट हुँदै जान्छ, सम्यक् हुँदै जान्छ, त्यति-त्यति आसक्ति अरू बढी टुट्दै जान्छ । प्रज्ञाको यो पहिलो अनित्यबोधको स्वरूप जब जागृत हुन थाल्छ, प्रमुख हुन थाल्छ तब राग, टाढा हुन्छ, द्वेष टाढा हुन्छ, मोह टाढा हुन्छ, या भनौं दु:ख टाढा हुन्छ, व्याकुलता टाढा हुन्छ, समस्याहरू टाढा हुन्छन् मानसिक झन्झटबाट टाढा हुन्छन् ।

जति जति अनित्यबोध पुष्ट हुँदै जान्छ तव-तब प्रज्ञाको दोस्रो अङ्ग अनात्मबोध स्पष्ट हुन थाल्छ । यो अनात्मवोध के हो ? यसलाई पनि ठीक तरिकाले सम्झौं ।

दार्शनिकहरूको आत्मवाद र अनात्मवादमा हामीलाई उल्झनुछैन । अनात्मभाव अर्थात् अहम्‌भाव एवं मेरो मेरो भन्ने भावनाको अभाव । 'म' भन्ने छैन, 'मेरो' भन्ने छैन । यी 'म-म' र 'मेरो-मेरो' ले कति आसक्ति पैदा गरिदिएको छ त्यो राम्ररी बुझ्न थालिनेछ । व्यावहारिक जगत्‌मा 'म-मेरो' र 'तँ-तेरो' भन्नुपर्ने नै हुन्छ तर वास्तविक कठिनाइ त आसक्तिकै हो जसको कारण दु:ख पाउनुपर्ने हुन्छ । वस्तुत: शरीर-स्कन्धप्रति गहिरो तागत र गहिरो आसक्ति-भैसकेको छ । यसरी नै चित्त-स्कन्धप्रति पनि गहिरो लगाव र गहिरो आसक्ति भैसकेको छ । अनुभूतिको आधारमा हेर्न थालिने हो भने थाहाहुन्छ कि जसप्रति आसक्ति पैदा भैरहेको छ यो त खालि तरङ्ग-तरङ्गमात्र हो ।

*क्रमश:*

# दु:खमय संसार

✍ **माधवी गुरुमां**

अहो ! यो संसार दु:खको खानी  
सुख सुख भन्दै हिंडिरहेका हामी  
यो सबै स्वप्न समान रहेछ  
यो सबै उल्टो दृष्टि मात्र रहेछ  
ठान्छ सुख वेहोशीमा भुलेर  
तर ज्ञान चक्षुले हेर्दा केही छैन  
यो संसार दु:खको खानी रहेछ  
जन्म मरणको चक्रमा पिल्सिरहेछ  
घुम्दै खेल्दै जीवन चक्रमा रहेर  
पार गर्न सकिएन यो संसार चक्रमा परेर  
भव संसारमा भुल्दा भुल्दै  
सुख सुख भन्दै खोल्डोमा खस्दै  
हाम्फालेर खसिसकेपछि  
उम्कन सकिएन यो जीवनबाट  
धर्म कार्यमा मन छैन  
डुबिरहेको छ रसरङ्गमा  
जब शरीरमा रोगले च्याप्छ,  
अनि आत्तिन्छ के गर्ने भन्दै  
फुर्सद भएसम्म मनमानी गर्ने  
समय बितेपछि पछुताउमा पर्ने  
मानव जीवन सफल पार्नमा  
शरण परौं अब बुद्धको ज्ञानमा

## भूल सुधार

**– भिक्षु अश्वघोष**

**महापरित्राण सफुती छापे जुयाच्वंगु सफुती गाथा व अर्थ मिले मजुया: गलती जुयाच्वंगु वा: चायका: थुगु गलती सुधार याय्‌त इनाप यानाच्वना ।**

*धाथें ज्वीमा:गु थुकथं ख:* **"देवो वस्सतु कालेन, सस्स सम्पत्ति हेतु च फीतो भवतु लोको च राजा भवतु धम्मिको"**

*अर्थ–* **इलय् विलय् वा वय्‌मा । वामा बाँलाय्‌त हेतु ज्वीमा । जनता व देश समृद्ध ज्वीमा, जुजु वा राज्य धर्मात्मा ज्वीमा ।**

*तर आ:छापे जुयाच्वंगु महापरित्राण सफुती थुधथं गलती छापेजुयाच्वंगु दु–*

*गाथा–* **देवोवस्सतु कालेन सस्स सम्पत्ति हेतुच पीतो भवतु लोको च राजा भवतु धम्मिको**

*अर्थ–* **इले बिलय् वा वय्‌मा, वामा बाँलाय्‌ता हेतु, दिवंगतपिं सद्‌गति, जुजु धार्मिक जुय्‌मा थुगु निगू गाथाय् पा:गु थुकथं ख: – शुद्ध (ज्वीमा:गु) – फीतो / अशुद्ध (जुयाच्वंगु) – पीतो थुकथं अर्थय् नं राजा व राज्य धर्मात्मा ज्वीमा: धाय्‌मा:थाय् दिवंगतपिं सद् गति लाय्‌मा जुयाच्वगु दु । अर्थया अनर्थ जुयाच्वंगुलिं लिपा सफू छापे याय्‌वले गलती सुधारयाना: जक छापे याय्‌त इनाप यानाच्वना ।**



Downloaded from http://www.dhamma.digital

# भावनामय प्रज्ञा

✍ भिक्षु अश्वघोष

यो अनुभव र अभ्यासद्वारा हुने प्रज्ञा हो । प्रज्ञामध्ये यो चाहिं मूल्यवान् र राम्रो प्रज्ञा हो । अभ्यास नभई केही पनि शिल्पविद्याको फल प्राप्त हुन सक्तैन । कसैको जीवन सफल हुन सक्तैन । भावित र व्यवहारिक नभएको जुनै कुरा पनि केराको बोटजस्तो राम्रो मात्र हुन्छ, भित्रबाट बलियो भने हुँदैन । अभ्यास भएमा ठाउँ अनुकूल प्रज्ञा हुन्छ । यसलाई स्थानोचित्त प्रज्ञा भनिन्छ ।

सारिपुत्र महास्थविरको सहनशक्ति,

यो कुरा बुझाउनको लागि एउटा दुईटा घटना प्रस्तुत गर्दछु । सारिपुत्र महास्थविर सहनशीलतामा नामी व्यक्ति थिए । पसलमा, टोल टोलमा उहाँको सहन शक्तिको चर्चा हुने गर्दथ्यो ।

एकजना ब्राह्मणले विचार गऱ्यो, वास्तवमानै त्यो सारिपुत्र भिक्षु सहन सक्ने हो कि होइन, परीक्षा गरी हेर्नुपऱ्यो ।

एकदिन सारिपुत्र महास्थविर एकान्तमा भिक्षा गइराख्नुभएको थियो । त्यो मान्छेले सारिपुत्र महास्थविर लाई पछाडिबाट बेस्सरी ढाडमा हिकाईदियो । सारिपुत्र महास्थविरले भने त्यो कुरामा वास्ता नगरी सरासर आफ्नो बाटोमा गइराख्नुभयो । त्यो मान्छे भने आश्चर्य भयो, कस्तो मान्छे एकचोटी त पछाडि फर्केर हेर्नुपर्छ नि ।

वास्ता नै नगरी सारिपुत्र महास्थविर सरासर जानुभएको देखेर त्यो मान्छेलाई नराम्रो लाग्यो । मन पनि दुख्यो । साँच्चै नै सहन सक्ने हो रहेछ, शुद्ध व्यक्तिलाई नै हिर्काएछु भने जस्तो लाग्यो । त्यो मान्छेको जिउ जिरिङ्ग भएर आएजस्तो तात्तिएर आएजस्तो भयो । दौडेर गई सारिपुत्र महास्थविर समक्ष क्षमा माग्न गए ।

सारिपुत्र महास्थविरले सोध्नुभयो– "हे उपासक, तिमी किन क्षमा माग्दैछौ ? तिमीले के बिगारेका छौ र ? के गल्ती भयो ?"

त्यो मान्छेले जवाफ दियो– "तपाईंलाई भर्खरै बाटोमा पिटेको मान्छे म नै हुँ । तपाईं सहन सक्ने हो कि होइन भनी हिर्काएको थिएँ । तपाईं वास्तवमै सहन सक्नेनैरहेछ । मैले गर्न नहुने काम गर्नपुगें । मलाई क्षमा दिनुहोस् । क्षमा मात्र दिएर पुग्दैन, आजको भोजन पनि मेरै घरमा आउनुहोस् ।"

उहाँले स्वीकार गर्नुभयो । क्षमा पनि दिनुभयो । सारिपुत्र महास्थविरलाई पिट्यो भन्ने खबर सुनेर उहाँका उपासक-उपासिकाहरू रीसले आगो भएर त्यो मान्छेलाई बाँकी नै राख्दैनौ भनी हातमा लठ्ठी आदि लिएर त्यो मान्छे को घरमा कराउन आए– "ए ब्राह्मण, खुरुक्क तल आऊ । बरा हाम्रा सारिपुत्र भन्तेलाई पिट्ने भएको ।"

त्यो मान्छे सारै डरायो । सारिपुत्र महास्थविरले भन्नुभयो– "डराउनु पर्दैन, म छँदै छु नि । ल लेऊ, मेरो पात्र समात । आउ मसँग ।

यति भनी उहाँ बाहिर निस्कनुभयो । त्यहाँ भेला भएका मानिसहरूलाई उहाँले सोध्नुभयो– "तिमीहरू यहाँ किन आएका हौ ?"

उनीहरूले भने– "तपाईंलाई यो ब्राह्मणले पिट्यो भन्ने खबर सुनेर यसलाई ठीक गर्नेछौं भनी आएका हौं ।"

सारिपुत्र महास्थविरले भन्नुभयो– "पिटेको मलाई, तिमीहरूलाई किन टाउको दुखाई ? जाऊ, उसले मसँग क्षमा पनि मागिसक्यो, भोजन पनि गराइसक्यो ।"

उपासक-उपासिकाहरू कराउँदै फर्किए, आफूलाई पिटेको ब्राह्मणकहाँ नै भोजन जानुभयो, कस्तो भन्ते होला ।

यो घटना बडो नै आश्चर्यलाग्दो घटना हो । हामीलाई राम्रो जस्तो लागे पनि त्यसरी सहन गाऱ्हो छ । बुद्धकालिन घटनाहरू हेर्दै जाँदा राम्रो कुरा के भने एक पक्षले सहँदा अर्को पक्षको हृदय परिवर्तन हुन्छ, मन बदलिन्छ, ज्ञानी हुन्छ, गल्ती स्वीकार गर्दछ । आजभोलि सहेर बस्यो भने झन्झन् दुःख दिन थाल्छ । उसको मन बदलिँदैन, आफ्नो दोषलाई स्वीकार गर्दैन ।

जे भएपनि यहाँ मूल कुरा भनेको भावनामय प्रज्ञा हो । सारिपुत्र महास्थविरमा प्रज्ञाको धेरै अभ्यास भएको हुनाले ब्राह्मणले पिट्दा पनि सहन सक्नुभयो, जसको परिणाम स्वरूप गल्ती महशूस गरि क्षमा माग्यो । हृदय परिवर्तन भयो । ❖



Downloaded from http://www.dhamma.digital

# चतुआर्यसत्य भनेको के-के हुन्-२

✍ धम्मवती गुरुमां

● **सम्मादिट्ठि (सम्यक दृष्टि) भनेको के के हुन् ?**

(१) दु:ख सत्यलाई देख्न सक्नु ।

(२) दु:ख समुदय सत्यलाई देख्नु सक्नु ।

(३) दु:ख निरोध सत्यलाई देख्न सक्नु ।

(४) दु:ख निरोध गामिनि पटिपदा आर्य सत्यलाई देख्न सक्नु ।

● **सम्मा संकप्प (सम्यक संकल्प) भनेको के-के हुन् ?**

(१) नेक्खम संकप्प – क्लेशबाट अलग्ग हुने इच्छा

(२) अब्यापाद संकप्प – द्वेषभाव नगरी कसैलाई दु:ख नदिई उपकार गर्ने इच्छा

(३) अविहिंसा संकप्प – कसैलाई पनि हिंसा नगर्ने इच्छा ।

● **सम्मावाचा (सम्यक वचन) भनेको के-के हुन् ?**

(१) मुसावादा वेरमणि – झुठो कुरा गर्नबाट अलग्ग रहने

(२) पिसुन वाचा वेरमणि – चुकली कुरा गर्नबाट अलग्ग रहने ।

(३) फरुसा वाचा वेरमणि – कडा वचन प्रयोग गर्नबाट अलग्ग रहने ।

(४) सम्फप्पलाप वाचा वेरमणि – काम नलाग्ने बकवास गफ गर्नबाट अलग्ग रहने ।

● **सम्मा कम्मन्त (सम्यक कर्मान्त) भनेको के-के हुन् ?**

(१) पाणातिपाता वेरमणि – प्राणी हिंसा गर्ने कार्यबाट अलग्ग रहनु ।

(२) अदिन्ना दाना वेरमणि – परधन चोरेर लिने कार्यबाट अलग्ग रहनु ।

(३) कामेसु मिच्छाचारा वेरमणि – काम मिथ्याचार कार्यबाट अलग्ग रहनु ।

● **सम्मा आजिव (सम्यक आजीविका) भनेको के-के हुन् ?**

(१) मंस वाणिज्जा वेरमणि – प्राणी मारी मासु बेच्ने कार्यबाट अलग्ग रहने ।

(२) पाण वाणिज्जा वेरमणि – मार्ने नियतले प्राणी बेच्ने कार्यबाट अलग्ग रहने ।

(३) विस वाणिज्जा वेरमणि – मार्ने नियतले विष बेच्ने कार्यबाट अलग्ग रहने ।

(४) सत्य वाणिज्जा वेरमणि – प्राणी मार्ने नियतले शस्त्र अस्त्र बेच्ने कार्यबाट अलग्ग रहने ।

(५) मज्ज वाणिज्जा वेरमणि – जाँड, रक्सी आदि लट्ठ पार्ने खालका मद्यपान र लागुपदार्थ आदिको ब्यापार गर्ने कार्यबाट अलग्ग रहने ।

● **सम्मा वायाम (सम्यक ब्यायाम) भनेको के-के हुन् ?**

(१) उप्पन्नानं पापकानं पहानाय वायामो – उत्पन्न भइसकेका पापलाई निर्मूल गर्ने ।

(२) अनुप्पन्नानं पापकानं अनुप्पादाय वायामो – उत्पन्न भइनसकेका पापलाई उत्पन्न नै नगर्ने ।

(३) अनुप्पन्नानं कुसलानं धम्मानं उप्पादाय वायामो – उत्पन्न हुन बाँकी कुशल धर्मलाई उत्पन्न गर्न मेहनत गर्ने ।

(४) उप्पन्नानं कुसलानं धम्मानं भिय्यो भावाय वायामो – उत्पन्न भइसकेका कुशल धर्मलाई वृद्धि गर्न मेहनत गर्ने ।

● **सम्मासति (सम्यक स्मृति) भनेको के-के हुन् ?**

(१) कायानुपस्सना सति पट्ठान – शरीरबाट क्लेश भित्रन नदिन होशियारीपूर्वक रहने ।

(२) वेदनानुपस्सना सतिपट्ठान – सुख दु:ख उपेक्षा वेदनाको तर्फबाट क्लेश भित्रन नदिई होशियारीपूर्वक रहने ।

(३) चित्तानुपस्सना सतिपट्ठान – आफ्नो मनमा उत्पन्न भएका असल र खराब चित्तलाई होशियारीपूर्वक जाँची रहने ।

(४) धम्मानुपस्सना सतिपट्ठान – कुशल धर्म र अकुशल धर्मलाई राम्ररी बुझी अकुशल धर्मलाई हटाउँदै कुशल धर्ममा होश पुऱ्याइरहने ।

● **सम्मा समाधि (सम्यक समाधि) भनेको के-के हुन् ?**

(१) पथम झान (ध्यान) – वितक्क, विचार, प्रिति, सुख, एकाग्रता सहित पाँच अङ्गले परिपूर्ण ।

(२) दुतिय झान (ध्यान) – विचार, प्रिति, सुख, एकाग्रता सहित चार अङ्गले परिपूर्ण ।

(३) ततिय झान (ध्यान) – प्रिति, सुख, एकाग्रता सहित तीन अङ्गले परिपूर्ण ।

(४) चतुत्थ झान (ध्यान) – सुख, एकाग्रता सहित दुई अङ्गले परिपूर्ण ।

(५) पञ्चम झान (ध्यान) – उपेक्षा, एकाग्रता सहित दुई अङ्गले परिपूर्ण ।

❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

## गौतम बुद्ध

बुद्ध कुनै काल्पनिक व्यक्ति थिएन; बुद्ध धर्मको स्थापना गर्ने एक सत्य ऐतिहासिक व्यक्ति हुनुहुन्थ्यो ।

२५०० वर्ष अघि उत्तरी भारतमा गौतम बुद्ध रहनु हुन्थ्यो । उहाँ एक काल्पनिक व्यक्ति नभै एक सत्य ऐतिहासिक व्यक्ति हुनुहुन्थ्यो जसले बुद्ध धर्म नामक धर्मको शुरूवात गर्नु भयो । उक्त महान गुरूको अस्तित्व सिद्ध गर्न तलका तथ्यहरू प्रमाणको रूपमा प्रस्तुत गरिन्छन्–

१) उहाँलाई व्यक्तिगत रूपमा चिन्नेहरुको साक्षी । शिला पत्र, स्तम्भ र उहाँको यादमा बनाइएका स्तूपहरू साक्षीको रूपमा अंकित छन् । यी प्रमाणहरू तथा उहाँका स्मारकस्तम्भहरू त्यसबेलाका राजा तथा अन्यहरूले बनाएका थिए कि उहाँको जीवन कथाको प्रमाण दिन सकोस् । *(यसैकारण लुम्बिनीको अशोकस्तम्भले पनि बुद्धको अस्तित्वलाई देखाउँछ । बुद्ध र अशोकको बिच १७९ वर्षको मात्रै समय अन्तर थियो । -अनु.)*

२) उहाँको समयमा वर्णनहरूमा उल्लेखित स्थानहरू एवं घर- दरवारका अवशेषहरूको पत्तो पाउनु ।

३) उहाँले स्थापना गर्नु भएको पवित्र संघ आज सम्म पनि अटुट रूपले चल्दै आएको छ । उहाँको जीवनी र उपदेशका तथ्यहरु संघको अधीनमा थिए । संसारका विभिन्न भागहरूमा यी तथ्यहरू एक पुस्ताबाट अर्कोलाई सुनाउँदै आइरहेका छन् ।

४) यो तथ्य कि उहाँको निर्वाण भएकै वर्षमा, र त्यसपछि पनि समय समयमा, उहाँका साँच्चैका उपदेशहरूलाई प्रमाणित गर्न संघको सभा तथा संगायनाहरू भएका थिए । यी प्रमाणित उपदेशहरू उहाँको समय देखि आज सम्म गुरू-शिष्य परम्पराबाट चल्दै आएका छन् ।

५) उहाँले संसार त्यागि सक्नु भएपछि उहाँको शरीर लाई जलाइयो र अस्थि धातु भारतका आठ राजाहरूको बीच बाँडियो । प्रत्येक राजाले आफ्नो भागको अस्थि धातु राख्न एक एकवटा चैत्य बनायो । राजा अजातशत्रुको हातमा परेको अस्थिधातु जुनकि उसले राजगृहको स्तूपमा स्थापना गरेको थियो त्यसलाई दुई शताब्दी नबित्दैमा सम्राट अशोकले निकालेर आफ्नो साम्राज्य भरि बाँडि दियो । यो र अरू स्तूपहरूमा राखिएका शिलापत्रहरूबाट यो कुरोको पुष्टि हुन्छ कि तिनीहरू गौतम बुद्धका अवशेषहरू (अस्थि धातु) थिए ।

६) हामीलाई थाहा भएको सबभन्दा राम्रो, विश्वसनीय, प्राचीन इतिहास- महावंश-ले उहाँको जीवनीको विस्तृत व्यहोरा र साथै सम्राट अशोक र बौद्ध इतिहासका अन्य विशिष्ट व्यक्तिहरुको जीवनीको विस्तृत व्याख्या दिन्छ । भारतीय इतिहासले पनि बुद्ध जीवनी र बौद्ध गतिविधिलाई उन्नत दर्जा दिएको छ ।

७) ती बौद्ध राष्ट्रहरू जहाँका जनताले बुद्धकालको केही शताब्दी पछि नै बुद्ध धर्मलाई प्राप्त गरेका थिए– राष्ट्रहरू जस्तै श्रीलंका, बर्मा, चीन, (तिब्बत) नेपाल, कोरिया, मंगोलिया, जापान, थाइलैण्ड, भियतनाम, क्याम्बोडिया, लाओस्-यी राष्ट्रहरूमा पाइने रिकर्डहरूले एक अटुट ऐतिहासिक, सांस्कृतिक, साहित्यिक र परंपरागत प्रमाण देखाउँछ कि भारतमा गौतम बुद्ध नाम गरेका धार्मिक गुरू पनि भएको थियो ।

८) बुद्ध साँच्चै नै यो संसारमा जन्मेको थियो भन्ने प्रमाणित गर्न त्रिपिटक, जुनकि उहाँले ४५ वर्ष सम्म दिनु भएका उपदेशहरूको एक अटुत रिकार्ड हो, यो प्रमाण अति प्रशस्त छ ।

## बुद्ध
## विश्वको प्रकाश

विश्वमा आफ्नो प्रकट बुद्धले यसरी वर्णन गर्नु भएको छ–

"भिक्षुहरू ! जबसम्म सूर्य चन्द्र संसारमा उदाउँदैन, त्यतिबेलासम्म त्यहाँ महान् प्रकाशको ज्योति हुँदैन, महान् किरणको ज्योति हुँदैन बरू घना अन्धकार-भ्रमको अन्धकार-को राज रहन्छ । न दिन न रात छुट्याउन सकिन्छ; न महिना, न अष्टमी, न त ऋतु नै निधो गर्न सकिन्छ ।

तर भिक्षुहरू ! जब चन्द्र र सूर्य संसारमा उदाउँछन् तब त्यहाँ महान् प्रकाशको ज्योति हुन्छ, महान् किरणको ज्योति हुन्छ; र घना अन्धकार, भ्रमको अन्धकारको नाश हुन्छ । तब दिन र रात छुट्टिन्छ । तब महिना, अष्टमी र ऋतुको निधो गर्न सकिन्छ ।

त्यस्तैनै, भिक्षुहरू ! जब सम्म कुनै बुद्ध, अर्हत्को उत्पत्ति हुँदैन तबसम्म महान् प्रकाशको ज्योति हुँदैन, महान् किरणको ज्योति हुँदैन; बरू घना अन्धकार, भ्रमको अन्धकारले राज गर्छ; र चार आर्य सत्यको प्रकट हुँदैन, उपदेश हुँदैन, बाटो देखाइँदैन, संगठित गराईदैन, खुलाईदैन, विस्तृत गरिदैन, बुझाइँदैन ।

कुन चार ? दुःख आर्य सत्य, दुःख समुदाय सत्य, दुःख निरोध सत्य र दुःख निरोधगामिनि मार्ग सत्य ।

भिक्षुहरू ! जसको निमित तिमीहरूले आफै बुझ्न कोशिश गर्नु पर्दछ कि यो दुःख हो; यो दुःख निरोध गर्ने मार्ग हो ।"

उहाँ यस संसारमा कुनै निश्चित समय र कुनै



Downloaded from http://www.dhamma.digital

निश्चित स्थानमा आउनु भयो ।

उहाँ त्यस कालमा आउनु भयो जब ग्रीकहरुले शुरू गरेको पश्चिमी दर्शनलाई हेराक्लाइटसले बाटो देखाउँदै थियो जसले कि प्राचीन ग्रीसका ओलम्पिया देउटाहरूको धर्मलाई नयाँ मोडमा ल्याइरहेको थियो । यो त्यो समय थियो जब बेबिलोनमा यहुदीहरूका बीच जेरेमियाले नयाँ सन्देश दिइरहेको थियो । यो त्यो समय थियो जब इटालीमा पाइथागोरसले पुनर्जन्मको सिद्धान्तलाई प्रकाशमा ल्याउँदै थियो । यो त्यो समय थियो जब कन्फ्यूसियसले आफ्नो आचरण नीतिद्वारा चीनमा राष्ट्रिय जीवनको जग बसाल्दै थियो ।

स्थान भारत थियो । यो त्यो बेला थियो जब भारतको सामाजिक स्थिति पुरोहितहरूको छलकपट, आत्मदाह, जात पातको भेदभाव, दुषित सामन्तवाद, नारी बन्धन र ब्राह्मणहरूको प्रधानताको त्रासले पिल्सिएको थियो ।

यो त्यस्तै बेला थियो जब बुद्ध, मानव जातिको सबभन्दा सुगन्धित फूल, भारतमा देखापर्नु भयो । उहाँ त्यस भूमिमा जन्मनु भयो जहाँ ऋषि मुनिहरू सत्यताको खोजिको लागि आफ्नो प्राणको तिलाञ्जालि दिन्थे ।

उहाँ त्यो महान व्यक्ति हुनुहुन्छ जसले कि आफ्नै आयु कालमा पनि असाधारण प्रभाव पार्न सफल हुनु भयो । उहाँको व्यक्तिगत आकर्षण, नैतिक प्रतिष्ठा र आफ्नो खोजप्रति व्यापक विश्वासले उहाँलाई सर्वप्रिय सफल बनाइदियो । एक गुरूको रूपमा सक्रिय जीवन जिइरहेको बेलामा बुद्धले थुप्रैलाई आफूतिर पल्टाए । उहाँले उँच र नीचजात, धनी र गरीब, शिक्षित र अशिक्षित, नर र नारी, गृहस्थी र गृहत्यागी कुलीन र किसानहरू सबैलाई आकर्षित गर्नुभयो । उहाँ दुराचारीहरूको खोजमा जानु भयो, जबकि सच्चा सदाचारीहरू उहाँको खोजमा आए । उहाँले आफूले पत्ता लगाएको सत्यको उपहार सबैलाई दिनु भयो । उहाँका अनुयायीहरूमा राजाहरू र सैनिकहरू, व्यापारीहरू र करोडपतिहरू, मगन्तेहरू र वेश्याहरू, धार्मिक व्यक्तिहरू र मोहग्रसित जनताहरू सबै थिए । जब जब मान्छेहरूले झगडा गरे, उहाँले शान्ति स्थापना गर्नुभयो । जब उनीहरु भ्रमित भए, उहाँले ज्ञानको प्रकाश दिनु भयो । जब उनीहरू क्रोध र वासनामा जल्न थाले, उहाँले उनीहरुलाई सत्यको चिसो पानी छर्कनु भयो । जब उनीहरू तिरस्कृत र दु:खी भए, उहाँले उनीहरूमाथि आफ्नो करुणा हृदयको असीम करूणा फैलाउनु भयो ।

उहाँ विश्वलाई पुन:निर्माण गर्न आउनु भएको थिएन । उहाँ **लोकविदु**– "संसारलाई राम्रोसँग चिन्ने" – हुनुहुन्थ्यो र उहाँले संसारलाई यति राम्रोसँग बुझ्नु भयो कि यसको प्रकृतिको बारेमा कुनै भ्रम नै रहेन, वा यसका नियमहरू मान्छेको इच्छा अनुरूप बिल्कुलै बदल्न सकिन्छ भन्ने विश्वास नै रहेन ।

एक काल्पनिक परिपूर्ण समाजको श्रृजना गर्न उहाँले उत्साहित गर्नु भएन । बरू उहाँले हरेकलाई देखाउनु भयो त्यो बाटो जसबाट आफ्नै संसारलाई बदल्न सकोस्– भित्रको त्यो मानसिक संसार जुनकि हरेकको आफ्नै नीजि क्षेत्र हो ।

मौलिक रुपमा उहाँका उपदेशहरू सरल थिए – "असल काम जति जम्मै गर्नु; खराब काम नगर्नु; मनलाई स्वच्छ पार्नु, यही नै हो सबै बुद्धहरूले दिने शिक्षा ।" उहाँले मान्छेहरूलाई कसरी अज्ञानतालाई निर्मूल पार्ने भन्ने सिकाउनु भयो । उनीहरूलाई विचारको स्वतन्त्रता दिनुभयो उहाँले । कठोर विधिहरू, साम्प्रदायवाद र मुढे ढिपिका सिद्धान्तहरू, जात पातको व्यवस्था-यिनीहरूलाई उहाँको जीवनकलामा स्थान थिएन । धर्मको आँखामा सबै समान थिए ।

उहाँले भन्नु भएकोमा, उहाँले गर्नु भएकोमा, र उहाँ जे हुनुहुन्थ्यो यी सबै क्षेत्रमा हरेक कोणबाट उहाँले आफू सांसारिक जीवनमा सर्वश्रेष्ठ व्यक्ति हुनुहुन्छ भन्ने कुरो सिद्ध गर्नु भयो । उहाँले सेवाको भावना, बलिदानको भूमिका र सफलताको बारे प्रकाश पार्नु भयो । उहाँले "परलोकहरू"लाई यहीं र अहिले कै दैनिक जीवनका असीमित उत्तरदायित्वहरू सँग पूर्णतवरले सम्बन्धित गर्नु भयो ।

विश्वलाई उहाँले सम्पूर्ण जगतको नौलो वर्णन दिनु भयो । उहाँले अनन्त सुख, बुद्धत्वप्राप्ति गर्नु बाट आउने सुख,को नयाँ व्याख्या दिनु भयो । उहाँले त्यो बाटोलाई औंल्याउनु भयो जसबाट कि सारा अनित्यताबाट पर नित्य अवस्था प्राप्त गर्न सकिन्छ ; त्यो बाटो हो निर्वाणको, दु:खमय जीवनको सागरबाट पाउन सकिने अन्तिम मुक्तिको ।

२५०० वर्ष अगाडि उहाँको समयकाल थियो । तर आजसम्म पनि उक्त महान् मार्गदर्शकलाई सम्मान गरिन्छ– धार्मिक व्यक्तिहरूले मात्रै होइन, उहाँलाई अनीश्वरवादीहरू, भौतिकवादीहरू, कल्पनावादीहरू र हेतुवादीहरू समेत सम्मान गर्छन जसले कि उहाँलाई सम्यक सम्बुद्धको रूपमा स्वीकार गरेकाछन् ।

*क्रमश:*

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६७/९/२८ | कृशावती गुरुमां | केशावती गुरुमां |
| २०६७/१०/१ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६७/१०/५ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६७/१०/१३ | त्यागवती गुरुमां | पञ्ञावती गुरुमां |
| २०६७१/१०/२० | केशावती गुरुमां | चमेली गुरुमां |



Downloaded from http://www.dhamma.digital

# विश्वविजेता

✍ नरेन्द्रनाथ भट्टराई

युनानका महान् सम्राट सिकन्दर आफूलाई विश्वविजेता कहलाउन चाहन्थे । उनले विश्वका अनेक भू-भाग पनि विजय गरिसकेका थिए। विश्वविजयकै क्रममा एक ठाउँमा एक जना नाङ्गा सन्तलाई रूखमुनि आरामसँग बसिरहेको देखेर सम्राटले ती सन्तलाई "तिमी को हौ ?" भनी सोधे । सन्तले हाँस्दै म विश्वविजेता सम्राट हुँ भनी उत्तर दिए। आफ्नो अहङ्कारमा चोट लागेका सिकन्दर उत्तेजित हुँदै म्यानबाट तरवार झिक्दै, "जसको साथमा एक धरो कपडासम्म छैन ! जसको वास रूखमुनि ढुङ्गामाथि छ त्यस्तो मानिस कसरी सम्राट हुन्छौ ? म पो त विश्वविजेता सम्राट हुँ ।" भन्दै नाङ्गो तरवार लिएर अगाडि बढे तर सन्तको हँसिलो र चम्किलो मुहार देखेर सिकन्दरको कदम अचानक रोकियो ?" तब सन्तले सोध्नुभयो– "तिमी को हौ र यहाँ के गर्न आएको ?" म विश्वविजेता महान् सम्राट सिकन्दर हुँ । विश्वविजेता गर्ने क्रममा, अनेकन् राज्य जित्दै हिंडेको छु भनी सिकन्दरले भने । सिकन्दरको उत्तर सुन्दा हाँस्दै शान्त स्वरमा सन्तले भन्नुभयो– "हे राजा ! तिमीले त्यो एउटा कुरा जानेका रहेनछौ त्यसलाई जितेमा मात्र विश्व-विजेता होइन्छ । त्यो कुरा मैले जानेको छु र म विश्वविजेता महान् सम्राट भएको छु ।" आश्चर्य मान्दै राजाले त्यो कुरा के हो त भनी सोधे । तब सन्तले एउटा त्यान्द्रोले भुइँको धुलोमा लेखी दिनुभयो, **"मन जित्यो कि जगत जित्यो"** सुशिक्षित भएकोले सिकन्दरले सन्तको महावाणीको मर्म बुझेर सन्तको अगाडि नतमस्तक भए । भनिन्छ सिकन्दरले विश्वविजयको क्रममा जितेका देशबाट धनसम्पत्ति बटुल्ने कामलाई भन्दा बढी प्राथमिकता विद्वान् र सन्त पुरुषहरूलाई आफ्नो देश युनांन लानका लागि दिएका थिए । यिनै सन्त र विद्वान् वर्गको कारणले गर्दा नै त्यस समयमा युनान देश विश्वमा सबभन्दा बढी उन्नति र सुसम्पन्न हुन पुगेको थियो । ❖

***१) कुनै वस्तु हराएको भए त्यसलाई खोज्नुपर्दछ, आफ्नै साथमा भएको वस्तु खोज्न कहीं जानै पर्दैन । अन्यत्र कतै भएको वस्तुलाई खोज्न प्रयास गर्नुपर्दछ । आत्मा अर्थात् आफू जता हराएको वस्तु हो, नता अन्यत्र कतै भएको वस्तु हो, नता हुँदै नभएको हो । आत्माता सदासर्वदा आफैसँग छ यसलाई खोज्नै पर्दैन ।***

***२) सारा धर्मशास्त्रले हामीलाई एउटै कुराको शिक्षा दिएका छन् त्यो हो, स्मरण अर्थात्, बिर्सिएको लाई सम्झाइदिने ।***

***३) कुनै मानिसलाई चिनेको पनि थाहा छ, नचिनेको पनि थाहा छ, कुनै कुराको स्वाद पाएको पनि थाहा छ स्वादै नलिएको पनि थाहा छ । त्यही विशुद्ध ज्ञान हो ।***

***४) प्रेमपूर्वक हिर्काएको थप्पड पनि प्यारो हुन्छ भने घृणापूर्वक लगाइदिएको मल्हमले पनि दर्द दिन्छ । प्रेमपूर्वक खान दिएको सुख्खा रोटी घृणापूर्वक खान दिएको रसवरी भन्दा बढी रसिलो हुन्छ ।***

*साभार– परमात्माको दर्शन*
*(चिन्तनद्वारा)*

## धम्मवतीया धर्म घःचाः

✍ अमृतमान शाक्य भिक्षु

छपु बाखँ थ्वनं जुल
छगू इतिहास थ्वनं खत
नेपाःया म्हयाय् मचा
भिक्षुणी धम्मवती ।
कर्म लिसे धर्म स्वाःगु
शास्त्र लिसे कर्म स्वाःगु
तफाःगु नुगःलं मैत्री स्वाःगु
दुःखीया उपरे करूणा तइगु ॥
भिंगु मनंः सः तयाः
बुद्धया ज्ञान ध्यान छ्यलाः
पलाःपतिकं ज्ञान इनाः
धर्मया कुटी तना ॥
जनजनया नुगःले
तृष्णा त्वपुंमा धाःधां
दशपारमिता नालाः
सुखया किचःले थेनेमा ॥
पुण्य भूमी जन्म जुयाः
सार जुइमा झी थःहे
न्हि व चा जीवनया घःचाः
मत सीथें झीनं सी छन्हु ॥
बाखँ न्वाखँ धाःधां
धम्मवतीं धर्म छ्यलाः ॥



Downloaded from http://www.dhamma.digital

# आमाबाबुका कर्तव्यहरू–२

*लेखक*- **नारद महास्थविर**
*अनुवादक*- **रीना बानिया**

आफ्ना सन्तानको भलाई सोच्नु आमाबाबुहरुको कर्तव्य हो । वास्तवमा कर्तव्य रहेका स्नेही आमाबाबुहरूले छोराछोरी प्रतिको दायित्व खुशीसाथ बोक्छन् । समय समयमा कृतघ्न सन्तानले आमाबाबुका अमूल्य सेवालाई बिर्सी आफ्नो कर्तव्य बिर्सन्छन् भने पनि आमाबाबुहरूले सन्तानको लागि हित गर्न छोडदैनन् ।

गर्भावस्थादेखि जन्म, बाल्यकाल र विवाह नगरी दिएसम्म आमाबाबुले सन्तानको ठूलो स्याहार गर्छन् र आफ्ना सन्तानलाई ठूलो मान्छे बनाउन हरबखत प्रयत्न गरिरहन्छन् ।

निश्चय नै आमाबाबुहरू आफ्ना सन्तानहरू आदर्श व्यक्ति भएर हुर्केको देख्न चाहन्छन् । हरेक क्षेत्रमा आफ्ना सन्तान आफू भन्दा उत्कृष्ट भए भने वा आफू बराबर मात्र भएपनि आमाबाबुहरू अत्यन्त खुशी हुन्छन् । तिनीहरू अवश्य पनि नराम्रो मान्छन् यदि आफ्ना सन्तान आफूभन्दा तल पर्‍यो भने । सन्तानलाई सही बाटोमा लगाउन, आमाबाबुले पहिले आफै उदाहरण बनी दिनुपर्छ र आफैले आदर्श जीवन बाँचेर देखाउनु सक्नुपर्छ । अयोग्य आमाबाबुहरूका योग्य छोराछोरी बन्छन् भनी कम मात्र आशा गर्न सकिन्छ । सन्तानहरूको आफ्नो पूर्वजन्मको कर्म अनुसार स्वभाव हुनुको साथसाथै तिनीहरूको स्वभावमा आमाबाबुहरूका राम्रा नराम्रा गुणको पनि निकै प्रभाव पर्छ । जिम्मेदार आमाबाबुहरूले आफ्ना छोराछोरीहरूमा नराम्रा गुणहरूको प्रभाव नपरोस् भनी हरबखत प्रयास गर्नुपर्छ ।

सिंगालोवाद सूत्र अनुसार आमाबाबुहरूले पालन गर्नु पर्ने पाँचवटा कर्तव्यहरू छन् ।

१. पहिलो कर्तव्य हो सन्तानहरूलाई खराब काम गर्नुबाट रोक्नु ।

बच्चाहरूको लागि घर पहिलो स्कूल हो र आमाबाबुहरू पहिलो गुरूहरू हुन् । बच्चाहरूले असल खराब आदि प्रारम्भिक शिक्षा आमाबाबुहरूबाट नै पाउँछन् । नजान्ने बेहोशी आमाबाबुहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले आफ्ना छोराछोरीहरूलाई झूठो बोल्ने, ठग्ने, बेइमानी गर्ने, अर्काको निन्दा गर्ने, बदला लिने, डरपोक हुने आदि नराम्रा कुराहरू सिकाइदिएका हुन्छन् । आमाबाबुहरूले वच्चाहरूको अगाडि अनुकरणीय कामहरू गरेर देखाउनुपर्छ । बच्चाहरूमाथि, नराम्रो असर पर्ने काम तिनीहरूको अगाडि गर्नु हुँदैन ।

आमाबाबुहरूले यसरी व्यवहार गर्नुपर्छ कि बच्चाहरूको आमाबाबुप्रति असीम विश्वास होस् । बच्चाहरूलाई छल्ने काम गर्नुहुँदैन । बच्चाहरूले चाहेको वस्तु नदिएर रूवाउनु हुँदैन । बच्चाहरूले यो भाव लिन दिनुपर्छ कि उनीहरूले चाहेको वस्तु नमागीकनै उनका आमाबाबुहरूले पुऱ्याइदिन्छन् । आमाबाबुहरूले आफूसँग भएको वस्तु समेत नदिई ठूलो गल्ती गर्छन् । कहिलेकाहीं जब एउटा बच्चाले धेरै जिद्दी गर्छन् पहिले नदिएको वस्तु पछि दिइन्छ तर बच्चाको अरू दाजुभाई वा दिदीबहिनीहरूलाई नभन्नु भनेर भनिन्छ । यसरी बच्चाले झूठो बोल्ने ठग्ने काम सिक्छन् । पछि गएर बच्चाहरूले यस्तो शिक्षा धेरै सिक्छन् । पछि गएर बच्चाहरूले यस्तो शिक्षा धेरै सिक्न थाल्छन् । आफ्ना आमाबाबुहरूलाई समेत छल्न सिक्छन् ।

बदला लिन पनि कसरी सिक्दछ ? यो पनि धेरैजसो घरमै सिकिन्छ, धेरैजसो दयावान आमाबाट । एक ठाउँमा एउटा बच्चालाई उठाउँछे, बच्चालाई माया गर्छे, अनि भुईंसँग बदला लिए जस्तै गरी भुइँमा खुट्टा बजार्छे । यो देखी बच्चाले रून छोड्छ । उसले पाठ सिक्छ-जस्ताको तस्तै ।

बच्चाहरूलाई डरपोक बनाउनु हुँदैन । बच्चा कहीबेर रोएर केही हानी हुँदैन । बच्चालाई तर्साएर चुप लाग्न दिनु हुँदैन ।

ठूलालाई आदर गर्नु, आज्ञा पालनगर्नु, नम्र हुनु आदि जस्ता कुराहरूमा डर जस्तो कुरो मिसाउनु हुनु हुँदैन । बुद्धधर्म अनुसार जब अज्ञानता हुन्छ, त्यहाँ डर भन्ने कुरो हुन्छ । कुनै व्यक्ति पापकर्मदेखि डराउनु पर्छ तर कोही व्यक्तिसँग होइन । अनावश्यक तर्साउनुबाट बच्चाहरू कात्थर हुन्छन् र तिनीहरूको मनमा हीनताको भावना उठ्न थाल्छ । तिनीहरू अँध्यारोमा डराउँछन्, नचिन्ने व्यक्तिहरूदेखि डराउँछन् तिनीहरू एक्लै वस्न र एक्लै हिँड्न डराउँछन् ।

बच्चाहरूलाई राजकुमार पंचायुध, राजा दुट्ठगामिनि र राजकुमारी विहार महादेवी आदि जस्ता कथाहरू पढ्न दिनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

राजकुमार पंचायुध सोऽह वर्षको हुँदा भयानक राक्षस देखि पनि डराउँदैनथे । एकदिन भयानक राक्षस भएको जंगली बाटो भई नजानु भनी अरूले सुझाव दिंदा उसले जवाफ दिए-"ठीक छ, हामी सबै एकैपल्ट मर्छौं" नडराई ऊ जंगली बाटोमा हिंडे र राक्षसमाथि पनि विजय प्राप्त गरे ।

विहारा महादेवीले अधीन ब्यक्तिहरूको लागि खुशीसाथ-ज्यान दिए ।

उनी एउटी यस्ती बहादुर आमा थिइन् कि उनीले अति बहादुर प्रख्यात राजा दुट्ठगामिनिलाई जन्म दिइन् ।

यदि एउटा बच्चाले गल्ती गरे भने उसलाई त्यहाँ त्यहीं नै सुधार गर्न दिनुपर्छ । बच्चालाई सबैको अगाडि निन्दा गर्नु राम्रो हुँदैन । यस्तो गर्नाले बच्चा झन जिद्दी र हठी हुन सक्छ । बच्चाको स्वभाव हेरी सुहाउँदो किसिमले उसलाई सुधार्नु पर्छ । कहिलेकाहीं दुइ शब्द बोल्नु पनि काफी हुनसक्छ ।

एउटा जातक कथामा भनिएको छ एउटा राजाको एउटा अति नै निरंकुश र क्रोधी छोरा थियो । एकदिन उसलाई राजाको उपवनमा बसीरहेका एक सन्यासीको ठाउँमा लगियो । सन्यासीले राजकुमारसँगै उपवनमा केहीबेर हिँडे । उपवनमा दुई फुटभन्दा पनि होचो एउटा दुइवटा मात्र पात भएको सानो नीमकोबोटदेखी राजकुमारले यो के हो भनीसोधे । बुद्धिमान सन्यासीले एउटा नीमको पात खाएर स्वाद हेर्न भनी भने । पातको तीतो स्वादले चिढी राजकुमारले त्यो सानो बोट तुरून्तै उखेलेर फाल्न भनी आदेश दिए, यस्तो सानो बिरूवा नै यस्तो बिध्न तीतो छ भने ठूलो भएपछि यो कस्तो हुन्छ ? भनी भने । "बिरूवा उखेलेर फालौं ?" ऊनी कराए । "शान्त हुनु, हे राजकुमार", सन्यासीले भने । "तिमीप्रति जनताको धारणा पनि यस्तै छ । राजकुमार हुँदा नै तिमी यस्तो निरंकुश छौ भने राजा भएपछि कस्तो हुने हो ?" राजकुमारले सन्यासीको संकेट बुझे । यति कुराले राजकुमारको स्वभाव पुरै बदलियो ।

२. दोश्रो कर्तव्य हो सन्तानहरूलाई असल काम गर्न लगाउनु ।

आमाबाबुहरू हुन् । आमाबाबुहरू र गुरूहरू दुबै बच्चाहरूको भविष्य बनाउनमा जिम्मेदार हुन्छन् । बच्चाहरू उनीहरूले बनाएको जस्तो बन्छ । ठूला बडाहरू जस्ता छन् बच्चाहरू पनि त्यस्तै हुन्छन् र पछि त्यस्तै बन्छन् । बच्चाहरूको प्रभावकारी बाल्यकाल ठूलाबडाले चालेको कदमको तिनीहरू पीछा गर्छन् । बावुआमाहरूको विचार, शब्द र कार्यबाट उनका सन्तान प्रभावित हुन्छन् । त्यसैले यो आमाबाबुहरूको कर्तब्य हो कि घरमा र स्कूलमा बच्चाहरूको लागि अनुकूल वातावरणको श्रृजना गर्नुपर्दछ ।

राम्रो व्यवहार नजानेका नोकरहरू र परिचारिकाहरूको हातमा बच्चाहरूलाई छोड्नु हुँदैन । यो भन्नु अति नहोला कि कहिलेकाहीं बच्चाहरू आमाबाबुहरूप्रति भन्दा धाई, परिचारिकाहरूप्रति बढि आर्कषित हुन्छन् । यस्तो हुनुको धेरै कारणहरू हुन्छन् जसमाथि आमाबाबुहरूले ध्यान दिनुपर्छ ।

सरलता, आज्ञाकारिता, सहकारिता, एकता साहस, वलिदान, इमान्दारीता, निष्कपटी, सेवा, स्वावलम्बन, दया, मितव्ययिता सन्तोष, राम्रो आचरण, धार्मिक भावना र अरू राम्रा गुणहरू बच्चाहरूको मनमा लिन दिनुपर्छ । त्यसरी छरिएका बिऊहरूबाट फल दिने रूख उम्रिन्छन् ।

बच्चाहरूलाई कमसेकम पाँचशील पालना गराउनुपर्छ ।

प्राणघात नगर्नु, यो पहिलो शीलबाट तिनीहरू अरूलाई दु:ख नदिने र दया गर्ने बानी बनाउँछन् तिनीहरूले शुद्ध जीवनको शुरूवात गर्छन् ।

दोश्रो शील, चोरी नगर्नबाट, सावधान र इमान्दारीता जस्ता गुणहरूको संवर्द्धन गर्छ । चोरी नगर्नुमा समावेश नगरिएतापनि, जुवा खेल्नू जस्ता वानीहरू बसाल्न दिनु हुँदैन ।

तेश्रो शील नैतिक आचरण सम्बन्धी छ ।

बच्चाहरूलाई शुद्ध आचरण गर्न सिकाउनुपर्छ । यसमाथि ध्यान दिनुपर्छ कि बच्चाहरू खराव संगतमा नलागुन् र अँध्यारो हुनुभन्दा अगाडि घर फर्कुन् । यस सम्बन्धमा आमाबाबुहरू आफैले आफ्नो शुद्ध आचरण देखाउन सक्नुपर्छ । नत्र भने बच्चाहरूले पनि खराब आचरण सिक्नेछन् । अनैतिक आचरण गर्ने आमाबाबुहरूले बच्चाहरूलाई नैतिक आचरण गराउने आशा थोरै राख्नुपर्छ । आमाबाबुहरूको शुद्ध र पवित्र जीवन छोराछोरीहरू तथा आमाबाबुहरूको लागि कृपा हुन्छ भने तिनीहरूको अपवित्र जीवन दुबैपक्षको लागि अभिशाप हुन्छ ।

बच्चाहरूलाई सत्यवादी हुन सिकाउनु पर्छ जुन चौथो शील हो । यदि बच्चाहरूले केही गल्ती गऱ्यो भने गल्ती स्वीकार गर्न दिनुपर्छ । गल्ती लुकाउने गर्न दिनु हुँदैन । बच्चाहरूलाई यसरी सिकाउनुपर्छ कि आमाबाबुहरू गर्वका साथ भन्न सकुन-"अहो, हाम्रा छोराछोरीहरू झूठो बोल्दैनन् । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योतिः – १६

**श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन**
**अनुवाद- देवकाजी शाक्य**

१६७

- अरूलाई मद्दत गर्नेले सौभाग्य प्राप्त गर्दछ ।
- करूणामयीहरूले गुनासो पोख्दैनन् ।
- असल गर्नेहरू आफूलाई खराब काम कुरोबाट अलग्ग राख्छन् ।
- अत्यन्त कम इच्छा गर्नेहरू निष्कलंकित हुन्छन् ।

१६८

- खाना पस्किनुभन्दा पहिला कप प्लेटहरूलाई सफा गरी पखाल्नु पर्दछ ।
- खोलानाला नदी, किनार, खाल्टाखुल्टीहरूलाई सफासुग्घर राख्नु पर्छ, अनि मात्र पानी सलल बग्न सक्छ ।
- बिरूवा रोप्नु अगाडि खेत बगैंचाका नचाहिंदा झार पात उखेल्नु पर्छ ।
- चित्तलाई परिष्कृत गर्नु अघि हाम्रा तन र मनलाई शुद्ध पार्नु पर्छ ।

१६९

- हरेक उपलब्धिका लागि कारण र परिस्थितिहरू सुहाउँदो हुनु पर्छ ।
- विकासको लागि हरेकलाई लामो जीवनको आवश्यकता पर्छ ।

१७०

- करूणा, मैत्री, मुदिता र उपेक्षा कुशल अभ्यासहरू हुन् ।
- अरूलाई सेवा गर्नु सौभाग्यको खेत जोत्नु समान हुन्छ ।
- सद्भावना र आनन्द खुल्ला चौरमा टहल्नु समान हुन्छ ।
- सन्तोष र सुख पृथ्वीमा स्वर्ग हुन् ।

१७१

- अर्काबाट पाइरहनु पर्ने जीवन गरीब जीवन हो ।
- अरूलाई दिइरहने जीवन धनी जीवन हो ।

१७२

- आफ्ना किरण र तेजद्वारा सूर्यले संसारलाई न्यानो पारिराख्छ ।
- आफ्ना सुगन्धद्धारा फूलहरूले आनन्द प्रदान गर्दछन् ।
- समुद्रका आफ्ना शक्तिले हामीमाथि दवाब हाल्छ ।
- करूणाको प्रभावद्धारा हामीले विश्वको सम्मान प्राप्त गर्दछौ ।

१७३

- क्लेश र अविद्याले तिमीलाई नरक प्रदान गर्दछ, बोधिज्ञानले सम्यक समझ, बोध र स्वर्ग ल्याईदिन्छ ।
- दु:ख र पीडाले नरकमा धकेल्छ भने शान्ति र खुसीले स्वर्ग पुऱ्याइ दिन्छ ।

१७४

- एक कन्जुस धनी मान्छे मोती साथमा भएको भिखारी समान हुन् ।
- पापी धनी मान्छे ढुकुटीको साथमा गरीब मान्छे समान हुन ।

१७५

- धनलाई सदुपयोग गरेमा पुण्य कमाउन सकिन्छ ।
- धनलाई दुरूपयोग गरेमा पाप कमाउन सकिन्छ ।

१७६

- असफलतालाई सामना गर्ने हिम्मतले सफलताको आशा जगाई दिन्छ ।
- मेहनतले राम्रो फसल प्रदान गर्दछ ।

१७७

- असावधानीपूर्वक पढेको किताब तिम्रो होइन ।
- गलत तरिकाले बुझेको पाठ तिम्रो होइन ।

१७८

- प्रेम मतलबी वा समर्पित हुन सक्छ ।
- प्रेम दूषित वा चोखो हुन सक्छ ।
- प्रेम संकुचित वा फराकिलो हुन सक्छ ।
- प्रेम मूर्खतापूर्ण वा पारमार्थिक हुन सक्छ ।

१७९

- प्रतिज्ञा हृदयबाट उत्पन्न हुन्छ, प्रतिज्ञा गर्नु आकांक्षापूर्ण हुन्छ ।
- अवस्थाहरूबाट फल प्राप्ति हुन्छ, सम्बन्ध स्थापना गर्नु असल कुरा हो ।

१८०

- आशावादी हुनु आशाको दीप प्रज्ज्वलन गर्नु हो ।
- निराशावादी हुनु दु:खको लागू औषधि सेवन गर्नु हो ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

यो पनि जाने राखे राम्रो ... ...

# राम्रो-नराम्रो, सौभाग्य वा दुर्भाग्य हाम्रो व्याख्या

✍ **ओशो मैत्रेय**

समताभाव अर्थात् सम्यक् दृष्टिवाला व्यक्ति कस्तो हुन्छ यस सम्बन्धमा भगवान् श्री ओशोले एउटा बहुतै मीठो बोधकथा सुनाउनुभएकोछ–

जापानको फकिरसँग एउटा अति सुन्दर घोडा थियो, राजा त्यस गाउँबाट हिँड्ने गर्दथे । राजाको आँखा फकिरको शानदार घोडामा पऱ्यो । राजाले उसले भनेजति मूल्य दिएर घोडा किन्न चाहे । किन्तु फकिर राजी भएनन् । उनले भने कि– घोडासित मेरो प्रेम छ अनि प्रेमको कुनै मूल्य हुँदैन । जस्तो म आफ्नो छोरो बेच्न सक्दिनँ, त्यस्तै घोडा पनि बेच्न सम्भव छैन । गाउँका मानिसले भने कि यस्तो अवसर बारम्बार आउँदैन, सम्राट जति भने पनि दिन तयार छन्, दस हजार स्वर्ण असर्फी माग । फकिरले मानेनन् ।

केही समयपछिको कुरा हो, एकाबिहानै फकिर उठेर हेर्छन् त तबेलामा घोडा छैन । छिमेकीले थाहा पाएर भन्न लागे कि कस्तो दुर्भाग्य । त्यसदिन सम्राटलाई घोडा बेचेको भए आज कति धन हुन्थ्यो, दुर्भाग्य आज घोडा चोरी भयो । दस हजार असर्फी नोक्सान पऱ्यो ! बूढा फकिरले भने कि तिमीहरूले यो दुर्भाग्य, चोरी अनि नोक्सानको धारणा कहाँबाट ल्यायौ ? केवल यति नै भन कि आज विहान घोडा तबेलामा छैन । यसमा उदास हुनुपर्ने के छ ? उनीहरूले भने, "हदै भयो, तिमीलाई दुःख लागेन ? हामी त सोच्दथ्यौं कि तिमी आफ्नो छोराभन्दा बढी घोडा मनपराउँथ्यौ । यति ठूलो नोक्सान भयो तैपनि शान्त छौ ।" फकिरले भने, "घोडा हुनु वा नहुनुसँग मेरो शान्तिको के सम्बन्ध ? म शान्त छु किन कि मैले कथा बनाउन छोडिसकें । म तथ्यलाई तथ्यकै रूपमा मात्र हेर्दछु । त्यसमा कथ्य जोड्दिनँ ।" तर, गाउँलेले यो कुरा बुझ्न सकेनन् ।

दुई हप्तापछि त्यो घोडा एक दर्जन जङ्गली घोडाको साथमा फिर्ता आयो । वास्तवमा, त्यो चोरिएको थिएन । जङ्गलतिर भागेको थियो । जङ्गलमा अरू घोडासित उसको दोस्ती भयो । तिनीहरू त्यससित सँगै आए । यो समाचार पाउनासाथ गाउँलेहरू बधाई दिन आए र भने कि हामीबाट ठूलो भूल भयो । तिमी ठीकै भन्दथ्यौ कि दुर्भाग्य नभन, साँच्चै नै यो त सौभाग्य सिद्ध भयो । सित्तैमा बाऱ्ह घोडा आए । फकिरले भने– "तिमीहरू फेरि कथा बनाउन लाग्यौ । तथ्य केवल यति हो कि घोडा आयो । साथमा बाऱ्ह घोडा अरू आएका छन् । बस्, तथ्य यत्ति नै हो । तिमीहरू आफ्नो व्याख्या नजोड । सम्यक् दृष्टिले हेर । यसमा सौभाग्य र दुर्भाग्यको कल्पना नगर ।" उनीहरूले फकिरका कुरा बुझेनन् ।

फकिरलाई कहिले कसले चिनेको हुन्छ र ? फकिरको एक्लो जवान छोरो घोडालाई प्रशिक्षण दिन लाग्यो । बछोडाहरूलाई तालिम् दिँदादिँदै एक दिन छोरो घोडाबाट खस्यो र गोडा भाँचियो र अपाङ्ग भयो । गाउँका मानिसहरू बडो नराम्रो भयो भनी सहानुभूति प्रकट गर्न आए । जवान् छोरा अपाङ्ग भयो । कस्तो अशुभ घडीमा यो जङ्गली घोडा आएछन् । फकिरले भने– "तिमीहरूले कहिले सत्य देख्न सुरू गरौला ? असल र खराब, शुभ र अशुभका धारणाबाट जाग । केवल यति भन कि छोराको गोडा भाँचियो । ठीक र बेठीकको निर्णय नगर ।" गाउँलेले भने, "तिम्रो कुरा हाम्रो दिमागमा आउँदैन । छोरो लँगडो भयो, के यो गलत भएन ? बिचरा अपाङ्ग भयो, यसभन्दा बढी दुर्घटना अरू के हुन सक्दछ ? तिम्रा दार्शनिक कुरा व्यर्थका बकवास हुन् ।"

फकिरले उनीहरूलाई सम्झाए, घोडा बेच्न नमान्दा तिमीहरूले मेरो मजाक उठाएका थियौ । घोडा हराउँदा तिमीहरूले त्यसलाई दुर्भाग्य भनेका थियौ । फेरि घोडा फर्केर आएपछि त्यसलाई सौभाग्य भनेका थियौ । तिनै घोडाका कारण छोराको गोडा भाँचिएकाले तिमीहरू यसैलाई दुर्भाग्य भन्न लाग्यौ । म त प्रत्येक स्थितिमा शान्त र आनन्दित नै रहें । तिमीहरू बारम्बार बदलिन्छौ । कहिले प्रसन्न हुन्छौ त कहिले दुःखी अनि पीडित बन्दछौ । म तिमीहरूको असम्यक् व्यवहार बुझ्न सक्दिनँ । गाउँलेले भने कि पहिले हामी भूलमा थियौं, पहिले हाम्रो सफा दृष्टि भएन होला, तर यसपटक त पक्का नै हो कि ज्यादै नराम्रो भयो जो छोराको गोडा नै भाँचियो । यसमा



Downloaded from http://www.dhamma.digital

कुनै सन्देहको प्रश्न नै छैन । फकिर हाँस्न लागे, “तिमीहरू पहिले पनि सुनिश्चित अनि निःसन्देह नै थियौ ।”

तीन महिनापछि छिमेकको राजाले फकिर बसेको राज्यमा आक्रमण गऱ्यो । फकिरको राज्यमा सेना थोरै थिए । लगभग यो निश्चित नै थियो कि छिमेकीवालाका सेनाले हमलामा जित्नेछन् । सेना बढाउनका लागि सम्राट्ले आदेश दिए कि राज्यका सम्पूर्ण युवक र स्वस्थ मानिसले अनिवार्य रूपले सेनामा भर्ती हुनुपऱ्यो । फकिरको छोरो, अपाङ्ग थियो, त्यसलाई छोडे । बाँकी गाउँघरमा सारा युवकलाई जवरजस्ती नै युद्धमा पठाइयो । गाउँलेहरू रूँदै फकिरसँग आएर भन्न लागे कि तिमी ठीक नै भन्दै थियो । तिम्रा छोराको गोडा भाँचिनु वरदान भयो । अभिशाप होइन । हाम्रा छोरा त गए । हाम्रा बुढेसकालका सहारा खोसिए । अब कुनै आशा पनि छैन कि उनीहरू जीवितै फर्कनेछन् । आक्रमणकारी सेना अति शक्तिशाली छ । लँगडै सही तिम्रो छोरो आँखा अगाडि त छ । बुढेसकालमा साथ देला ।

फकिरले भने– “तिमीहरूमा अझै पनि सम्यक् दृष्टि उपलब्ध भएको छैन । तिमीहरू फेरि कथा बनाउँदैछौ, वरदान र अभिशापको प्रत्येक कथाले व्यथामा पुऱ्याउँछ । यी कथाहरू छोड, कपोल-कलपना तोड । कथ्य होइन तथ्य हेर, अनि तिमीलाई तथ्यले सत्यतिर लैजानेछ । घटनाबाट धारणा हटाऊ अनि अद्भुत प्रेरणा प्राप्त गर्नेछौ ।” गौतम बुद्धले यसैलाई नै सम्यक् दृष्टि भनेका हुन् । धारणाले सुख वा दुःख दिन्छ । सुख दुःख दुवै नै उत्तेजना हुन् । कथामुक्त धारणामुक्त हुनाले आनन्द मिल्दछ । शान्ति अवतरित हुन्छ । हाम्रा अपेक्षा, तुलना, वासना र पूर्वाग्रहले भरिएको तृष्णा नै अशान्तिका मूल हुन् ।

ओशोको जीवन धारा– ओशो धाराका सद्गुरु ओशो शैलेन्द्रजी आफ्नो “मस्ती भरी जिन्दगी” नामक प्रसिद्ध पुस्तकमा लेख्नुहुन्छ– संक्षेपमा भनौं भने समस्त दृष्टिबाट मुक्तिको नाम नै सम्यक् दृष्टि हो ।

ओशो जब विश्वविद्यालयमा भर्खरै नयाँ-नयाँ सेवामा प्रवेश गर्नुभएको थियो, पहिलो दिन नास्ताको समयमा उहाँले देख्नुभयो कि एक वृद्ध प्रोफेसरले आफ्नो टिफिन बक्स खोलेर रिसाउँदै भने, “फेरि पराठा र आलुको तरकारी !” दोस्रो दिन पनि यस्तै घटना भयो । तेस्रो दिन त छीःछीः फेरि आलु र पराठा भन्दै टिफिन बक्स उनले रिसाउँदै फ्याँके । ओशोले त्यस दिन सोध्नुभयो– “यदि तपाईंलाई आलु, तरकारी र पराठासित यति घृणा छ भने आफ्नी पत्नीसित किन भन्नुहुन्न कि अरू नै केही बनाएर टिफिनमा राख ।” “पत्नी” उनले आश्चर्यले भने– “तपाई तीन दिनपहिले मात्र भर्ना हुनुभएको हो । सायद तपाईं जान्नुहुन्न कि म अविवाहित हुँ, एक्लै बस्दछु र आत्मनिर्भर छु । आफ्नो भोजन स्वयम् नै पकाउँदछु ।”

जीवनलाई हेर्ने दृष्टिकोण कस्तो छ, यसैमा सबै निर्भर हुन्छ । जीवन कोरा किताब हो । यसमा हामी के लेख्दछौं, हामीमा नै निर्भर छ । सुखद् कथा वा दुःखद् कथा । जीवन रित्तो, खालि क्यानभास हो । हामी त्यसमा जस्तो रङ्ग भर्दछौं, यो पेन्टिङ्ग पनि त्यस्तै नै हुनेछ - सुन्दर वा कुरूप । सम्यक् दृष्टि जीवन रूपान्तरणको सूत्र हो जसले त्रस्तलाई मस्त बनाउन सक्दछ । अथ सूत्र पञ्ञा शरणं गच्छामि ! ❖

*(साभार- अन्नपूर्ण पोष्ट)*

## बुद्धयागु जन्म

✍ **राजीब बज्राचार्य**

बुद्ध जन्म जुल थ्व धर्ती ।
हरेक मनुतेत ज्ञान बियाः ॥
फुकसिगुं मन चाय्‌का बिल ।
बुद्धथें जाम्ह मनू हानं ।
जन्म मजुल ॥
बुद्ध जन्मजुल थ्व धर्ती
फुकसिंगुं मन चाय्‌का बिल ॥
बुद्धयागु महिमा अपरम्पार
बुद्धयात याय् जिं प्रणाम वारम्वार ॥
ध्यान च्वं-च्वं बुद्धत्व नं प्राप्तयात
थ्व मनू हानं जन्म मजुल ॥
हरेक मनुतेत ज्ञान बियाः ।
फुकसिगुं मन चाय्‌का बिल ॥
बुद्ध जन्म जुल थ्व धर्ती ।
फुकसिंतं बियाबिल अर्ति ॥



Downloaded from http://www.dhamma.digital

# श्रमण नारद–२

✍ श्रीयुत नाथुराम प्रेमी
अनु. प्रकाश वज्राचार्य

धिक्कार ! यो संसारमा गरीबलाई मद्दत दिने कोही छैन । आफ्नो कुनै स्वार्थको लागि अरूको सर्वश्व नष्ट गर्ने धन कुवेरहरू त्यो बेलामा पनि कम थिएन । गरीबको रक्षकको साटो भक्षक हुने धनीवर्ग यस संसारमा कहिल्यै खालि भएको छैन, सायद भविष्यमा पनि हुँदैन होला । तर यो अवश्य हो कि त्यो बेला भिक्षुहरूको दयामयी हात गरीबहरूलाई सहयोग र मद्दत दिन तत्पर थिए । उहाँहरू धार्मिक विवादबाट टाढा थिए । सदैब मानव मात्रको हीत गर्नमा ध्यान दिन्थे । उहाँहरूले आफ्ना शरीर, वचन र मनलाई परोपकार गर्नमा लगाईराखेको थियो ।

सेठको बग्गी अगाडि बढाउँदासाथ श्रमण (भिक्षु) नारद गाडीबाट उफ्रेर तल ओर्ल्यो, अनि भन्यो, 'सेठ ! माफ गर्नोस् अब म तपाईसंग आउन सक्दिन । आफ्नो विवेकबुद्धिले तपाईले मलाई यहाँसम्म बग्गीमा राखेर ल्याउनु भयो, यसले गरेर मेरो थकाई मेट्यो । मेरो तपाईहरूसँगै जाने इच्छा त छ र तर तपाईले जुन किसानको गाडालाई पल्टाएर एकातिर पंछ्याएर आफू अगाडि बढ्नु भयो त्यो किसान तपाईंको आफ्नै नाता पर्ने हो । तपाईंकै पूर्वजन्मको अवतार सम्झन्दैछु । त्यसैले जुन तपाईंले मलाई बग्गीमा राखेर उपकार गर्नु भयो त्यसको बदला तपाईंको नाता पर्ने त्यो किसानलाई मद्दत दिएर तिर्नेछु । यस कामले उसलाई केही लाभ भएमा तपाईंलाई पनि लाभ हुनेछ, फाईदा हुनेछ । त्यो किसानको भाग्यसंगै तपाईको पनि शुभ हुने सम्बन्ध छ । तपाईंले त्यो किसानलाई धेरै दु:ख दिनुभयो । मेरो बिचारमा यस्ले गरेर तपाईलाई धेरै नोक्सान भयो । त्यसैले यो मेरो कर्तब्य हो कि तपाईंलाई अहित हुने र अलाभ हुने कामबाट बचाउनको लागि मैले सके जति त्यो असरण किसानलाई मद्दत दिउँ ।'

सेठले श्रमण (भिक्षु) को भित्री हृदय देखिको दयामयी कुरोलाई वास्ता गरेन, ध्यान दिएन । त्यो सेठले विचार गऱ्यो कि यो श्रमण अति नै धर्मात्मा भयो । त्यसैले उसले किसानलाई उपकार गर्न लागेको । त्यहाँबाट सेठ सरासर अगाडि बढ्यो । ★

श्रमण नारद किसानकहाँ गएर दु:ख सुखको कुरा गर्दै पोखेको चामल जम्मै बटुलिदियो र विग्रेको गाडा पनि मिलाई दियो । दुवैको परिश्रम (उत्साह) ले काम चाडै सकियो । किसानले विचार गऱ्यो, "साँच्चै नै यो भिक्षु त एक ठूलो परोपकारी महात्मा हुनुहुन्छ । कस्तो आश्चर्य ! मेरो भाग्यले एक अदृष्य देउता नै श्रमणको भेषमा आएर मलाई मद्दत गर्न आएको जस्तो छ । मेरो काम पनि कति चाँडै सकियो । मलाई नै आश्चर्य लाग्छ ।" उसले डराउँदै सोधे "श्रमण महाराज ! जहाँसम्म मलाई लाग्छ मैले त्यो सेठको केही विगारेको छैन, तैपनि उसले मलाई किन अन्याय गरेको ? यसको कुनै कारण होला कि ?"

श्रमणले भन्यो, "दाजु अहिले तिमीले जुन भोग गरिराख्नु भएको छ त्यो सबै तिमीले गरिराखेको पूर्वकर्मको फल हो । पहिले जुन बिउ रोप्नु भएको थियो, त्यसैको फल तपाईंले भोग्दै हुनुहुन्छ ।"

किसानले सोध्यो, "के हो कर्म भनेको ?"

श्रमणले भन्यो– "सोझै भन्ने हो भने मान्छेको काम नै उसको कर्म हो । मान्छेको कर्म पूर्वजन्ममा गरिराखेको कर्मको एक सम्बन्धी हो । यो सम्बन्ध मनको रुपी जुन अनेक प्रकारका कर्म छन् तिनीहरू वर्तमान क्रिया र विचारले धेरै बदल्न सक्छन् । हामी सबैले पहिले जुन असल र खराब काम गरेका हुन्, त्यसको फल अहिले हामीले भोग्दैछौं । फेरि अहिले जुन हामीले काम गरिरहेका छौं । त्यसको फल पछि भोग्नु पर्नेछ ।"

किसानले भन्यो– "तपाईले भन्नु भएको ठिकै हुन सक्दछ । तर त्यस्ता घमण्डी र दुष्टले हामी जस्ता असरण गरीबहरूलाई यसरी विनाकारण दु:ख कष्ट दिई अन्याय गर्दैछन् । यसको लागि हामीले के गर्नु पर्ला ?"

श्रमणले भन्यो," दाजु, मैले हेर्दा तिम्रो विचार पनि उही सेठको जस्तै भयो (तिमी र सेठमा फरक देखिदैन) । जुन कर्मले उ आज महाजन बन्यो र तिमी किसान बन्यौ, यद्यपि बाहिरबाट हेर्दा कर्मफलमा धेरै फरक देखिन्छ तर भित्रको ज्ञानले हेर्दा त्यतिको फरक छैन । जहाँसम्म मलाई मानिसको मानसिक विचारको बारेमा ज्ञान छ वा अनुभव छ त्यसको अनुसार म भन्न सक्दछु कि यदि तिमी पनि सेठ भएको भए वा उसको ठाउँमा तिमी भए तिमीसँग पनि उसको जस्तै एक बलिष्ठ नोकर हुने थियो होला, अनि फेरि जसरी तिम्रो गाडाले उसको बाटो छेकेको थियो त्यस्तै उसको गाडाले पनि तिम्रो बाटो छेकिदिएको भए तिमीले पनि उसले जस्तै नगरी छाड्दैनथ्यो । उसको चामल पनि यताउति छरिदिने थियौं, त्यसो गरेर पनि तिमीलाई कत्ति



Downloaded from http://www.dhamma.digital

पनि चित्त दुख्दैनथ्यो । त्यसबेला तिमीले यो विचार गर्दैनौ कि कसैलाई बिगार्दैमा आफूलाई भलो हुँदैन ।"

किसानले भन्यो, "भन्ते ! तपाईले साँचो कुरो बोल्नुभयो । म पनि धनी भएको भए ऊ भन्दा कम हुने थिएन । तर तपाईंले विनाकारणले भलो गर्नु भयो, तपाईले मलाई निश्वार्थ भावले उपकार गर्नु भयो । मेरो माल बिग्रनबाट बचाउनु भयो; फेरि मेरो बिग्रीराखेको गाडा बनाउन पनि मद्दत गरेर बाटोमा राख्न ल्याउनु भयो । तपाईको यो सहयोग देखेर मेरो पनि मनमा उठ्यो कि मैले पनि आफ्ना छरछिमेकीलाई केहि सहयोग दिएर राम्रो व्यवहार गरेर देखाउँछु अनि आफ्नो शक्ति अनुसार उनीहरूको भलो हुने काममा लाग्दछु ।"

गाडा तयार भएकोले किसानले आफ्नो बाटो तताए अलि पर पुग्ना साथै उसको गाडा तानिरहेका दुवै बैलहरू जल्क्यो । किसान पनि डराएर चिच्यायो, "अहो ! अगाडि त कति डरलाग्दो साँप बसिरहेको ।" भिक्षुले ध्यानपूर्वक हेर्दा त पैसाको थैलो भुण्डिएको कमरपेटि पो रै छ । उहाँ गाडाबाट ओर्लेर हातमा लिएर हेर्दा त पैसाले भरेको थैलो झुंडिएको पेटि रहेछ । त्यो पैसाको थैलो पक्कै पनि त्यो सेठको हुनुपर्दछ भन्ने उहाँलाई विश्वास भयो । त्यो पैसाको थैलो लिएर किसानको हातमा राख्दै उहाँले भन्नुभयो– "तिमी बनारस पुग्नासाथै यो पैसाको थैलो सेठको घर खोजेर उसलाई दिनु । त्यो सेठको नाम हो पाण्डु र उसको नोकरको नाम महादत्त हो । यति गरिसकेपछि उसले जुन तिमीलाई भर्खर गरेर गएको कुकर्म हो त्यो अन्यायी कर्मको पश्चाताप उसलाई हुनेछ । यो दिइसकेपछि यो पनि भन्नु तपाईंले मलाई जुन अभद्र व्यवहार गर्नुभयो । त्यो सबै बिर्सेर मैले क्षमा गरें । यो पनि मेरो शुभकामना छ कि तपाईको ब्यापार फलोस्–फुलोस् ।" भिक्षुले फेरि भन्नु भयो– "तिम्रो भाग्य नै उसको ब्यापार राम्रो हुनुमा निर्भर छ । त्यसैले मैले यो कुरा तिमीलाई भनेको हुँ । जति जति उसको ब्यापारमा उन्नति हुन्छ, त्यति त्यति नै तिम्रो भाग्य पनि खुल्ने छ ।" त्यसपछि परोपकारको मूर्ति तथा दूरदर्शी श्रमणले यही विचार गरिराख्यो कि यदि त्यो धनी सेठ मकहाँ आएमा मैले सकेजति उसलाई उपकार गरिदिने छु । उपदेश दिएर उसलाई साँचो अर्थमा मान्छे बनाई दिनेछु । *क्रमशः*

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊप समोसुखो ।**

*जन्म दिं:*
वि.सं. १९९० वैसाख १३ गते
एकादसी



*मदुगु दिं:*
वि.सं. २०६७ पौष ११ गते
सप्तमी आइतवार

# मदुम्ह गुरुमां पताचारी

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य **पताचारी गुरुमां**
२०६७ पौष ११ गते मदुगुलिं वय्‌क गुरुमां निर्वाण कामनायासें
धर्मकीर्ति पत्रिकां बिचाः हाय्‌का च्वना ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार, श्रीःघः, नघः**



Downloaded from http://www.dhamma.digital

यो पनि जानी राखे राम्रो

# सत्कर्मको फल

नेपालमा चेलीबेटी बेचबिखनविरूद्धको अभियानकी एक सशक्त अभियन्ता अनुराधा कोइरालालाई प्रतिष्ठित अमेरिकी टेलिभिजन "सीएनएन हिरो २०१०" घोषणा गरेको छ । उक्त टेलिभिजन संस्थाले सात महिनाअघि इन्टरनेटमार्फत सुरु गरेको छनोट प्रक्रियामा करिब एकसय मुलुकका १० हजारभन्दा बढी समाजसेवीलाई उछिनेर कोइरालाले उक्त उपाधि हासिल गरेकी हुन् । विश्वभरका इन्टरनेट प्रयोगकर्ताहरूले हालेको करिब बीस लाख मतमध्ये सबैभन्दा बढी मत उनको पोल्टामा परेपछि उनले यो उपाधि हात पारेकी हुन् । सात महिनाअघि "सीएनएन हिरो" का रूपमा कम्तीमा एकहजार जना सिफारिसमा परेका थिए । ती सबैलाई पछाडि पार्दै उनी पहिलो चरणमा २५ जना "विश्व नायक" छनोटमा चुनिइन् । त्यसपछिको "उत्कृष्ट दस" जना र तीमध्ये पनि सबैलाई उछिन्दै अहिले "सीएनएन हिरो २०१०" बन्न पुगेकी छिन् । आयोजक संस्थाले हालै क्यालिफोर्नियाको लसएन्जलसमा एक भव्य समारोहमा उनलाई उक्त उपाधिसहित पुरस्कारस्वरूप एक लाख २५ हजार डलर प्रदान गर्ने घोषणा गरेको छ ।

सीएनएनले विगत तीन वर्षयता विश्वभर मानवअधिकार, सामाजिक, वातावरण र राजनीतिक क्षेत्रमा काम गर्ने व्यक्तित्वहरूलाई प्रदान गर्दै आएको यो पुरस्कार यसपालि नेपालकी कोइरालाले पाएकी छिन् । एउटा निजी टेलिभिजन कम्पनीले प्रदान गरेको भए पनि यो पुरस्कार हामी नेपालीका लागि गरिमा र गर्वको विषय भएको छ । निरन्तर र निस्वार्थ भावले सामाजिक कर्ममा समर्पित हुँदाको सकारात्मक परिणाम निस्कन्छ भन्ने मननीय सन्देशसमेत यसमा लुकेको छ । त्यति मात्रै होइन, यो उपाधि कोइरालाकै पथलाई पछ्याउँदै समाजसेवामा लागेकाहरूका लागि प्रेरणादायी प्रसङ्ग भएको छ । यसले सामाजिक र कल्याणकारी काममा क्रियाशील हुने र हुन चाहनेहरूलाई नयाँ ऊर्जा दिनसक्ने देखिन्छ ।

ओखलढुङ्गाको रुम्जाटारमा गुरुङ्ग परिवारमा जन्मिएर भारतमा अध्ययन गरेकी अनुराधा विगत १७ वर्षदेखि चेलीबेटी बेचबिखनविरूद्धको अभियानमा माइती नेपाल संस्थामार्फत सक्रिय छिन् । उनी सम्बद्ध संस्थाले कम्तीमा १२ हजार नेपाली चेलीबेटीलाई बेचबिखनको जोखिमपूर्ण अवस्थाबाट उद्धार गरेको छ र अहिले पनि त्यस्तो मानव बेचबिखनको अमानवीय कर्मलाई यसले चनाखोपूर्वक अनुगमन गरिरहेको छ । कोइरालाको नेतृत्वमा माइती नेपालले गरेको कल्याणकारी कार्यको देशभित्र सम्मान र प्रशंसा हुँदै आएको छ । अहिले अन्तर्राष्ट्रियस्तरमा उपाधि जितेर उनले आफ्नो समाजसेवी छविको आयतन त बढाएकी छिन् नै, सँगसँगै उनले नेपालकै प्रतिष्ठा फैलाउने सकारात्मक कर्ममा एउटा अर्को ईंटा थपेकी छिन् ।

कोइरालाले पाएको "सीएनएन हिरो" उपाधिले नेपालभित्र र नेपालबाहिर बसेको नेपालीहरूबीचको अभूतपूर्व एकतालाई पनि राम्रैसँग उजागर गरेको छ । त्यसो त अनुराधाले नेपालीहरूले दिएको मतका कारण मात्रै उनले यो उपाधि जितेकी होइनन् । उनलाई विश्वभरकै इन्टरनेट प्रयोगकर्ताहरूले मत दिएर शीर्षस्थानमा पुऱ्याएका हुन् । यद्यपि नेपाल तथा नेपालबाहिर बसोबास गर्ने नेपालीले जसरी छनोट प्रक्रियाका क्रममा इन्टरनेटमार्फत् मत हाल्न "फेसबुक" लगायत इन्टरनेटमा जसरी विभिन्न अभियान चलाए यसबाट नेपालीहरूबीच विद्यमान भावनात्मक एकता बलियो रहेको देखिएको छ । हामीबीचको सामाजिक सद्भाव प्रगाढ भएको यो एउटा सकारात्मक उदाहरण हो ।

नेपालको सामाजिक र कल्याणकारी कार्यमा अनुराधा कोइराला निश्चय पनि सम्मानित नाम हो तथापि उनी पनि त्रुटि र कमजोरीरहित भने रहिनन् । केही समयअघि तत्कालीन राजा ज्ञानेन्द्रले प्रजातन्त्र हरण गर्दै मुलुकमा निरंकुशताको अभ्यास थाल्दा अनुराधा उनको मन्त्रिमण्डलमा बसेर निन्दनीय कार्यको एक साक्षी भएकी थिइन् । सामाजिक कर्मलाई कम प्राथमिकतामा राख्दै उनको राजनीतिक महत्त्वाकांक्षा चुलिएको अवस्था थियो त्यो । तथापि त्यसपछिका दिनमा उनले आफ्नो सामाजिक कर्मलाई नै निरन्तरता दिएकी छिन् । अहिले पनि उनले उपाधि पाइसकेपछि मानव बेचबिखनविरुद्धको अभियानमा अझै डट्ने उद्घोष गरेकी छिन् । आगामी दिनमा उनी विचलित नभई निस्वार्थ सामाजिक र कल्याणकारी कार्यमा क्रियाशील भइरहन सकुन् "सीएनएन हिरो" को उपाधि हासिल गरेको यस अवसरमा उनलाई हार्दिक बधाई । ❖

*(साभार- 'कान्तिपुर' २०६७ मंसीर ८ गते, बुधवार)*



Downloaded from http://www.dhamma.digital

# लुम्बिनी दर्शन, नेपाल र नेपालीको कर्तव्य

✍ शिशिल चित्रकार

भगवान् बुद्ध सम्वन्धी चार दर्शनीय स्थलहरू मध्ये एक जन्मस्थल लुम्बिनी नेपालमा पर्छ भन्ने तथ्य विश्वले स्वीकार गरीसकेको अवस्थामा पनि अझ कयौं जनताहरूमा यसको महत्व थाहा नहुनु दुःखलाग्दो कुरा छ भने अर्कोतिर भारतमा अर्के लुम्बिनीको निर्माण भइरहनु विश्वका बहुसंख्यक जनतालाई बुद्धको वास्तविक जन्मस्थल नेपाल हो भन्ने थाहा नपाउनुले कालान्तरमा नेपालले कतै ठूलो मूल्य त चुकाउनु पर्ने होइन ? कोरीयामा भएको सर्वेक्षण अनुसार ८०% ले बुद्ध भारतमा जन्मेको र १५-२०% ले मात्र नेपालमा जन्मेको सर्वेक्षणले देखाउँछ ।

*(साभार- बुद्ध बारे बावराम शिर्षकको लेख 'आनन्दभूमी' वर्ष-३८, अङ्क-९)*

सन् २०११ लाई नपाल पर्यटन वर्षको रूपमा मनाउँदै १० लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्यलाई समेत बौद्ध मार्गीहरूले बुद्ध नेपालमा जन्मेको समाचारलाई प्रवाह गर्ने एउटा साधनको रूपमा सँग-सँगै लाने गरी विभिन्न बौद्ध संघ संस्था आदिले पर्यटन मन्त्रालयसँग आवश्यक समन्वय गरी यसलाई एउटा मौकाको रूपमा लिने अवशरमा परिवर्तन गर्न सकिन्छ कि ?

आज भोलि बाह्य पर्यटनको साथ-साथै आन्तरीक पर्यटन विकासको कुरा पनि चर्चामा ल्याउने गरेको सुनिन्छ। त्यही अनुरूप लुम्बिनी भ्रमणमा जाने पर्यटकहरूको (स्वदेशी र विदेशी) संख्यात्मक बृद्धि भएको पक्कै होला, सम्बन्धित निकायमा भएको तथ्याङ्कले बताउने आशा गर्न सकिन्छ। तर माथि भनिएझैं लुम्बिनी खाली पर्यटक स्थलमात्र नभई बुद्ध जीवनीसँग गाँसिएका चार दर्शनीय स्थल मध्य एक हो र यसको महत्त्व पनि सम्बन्धित निकायले जनमानसमा पुऱ्याउनुपर्ने अति आवश्यक कार्य ठानेको छु।

संयोगले यो वर्ष लुम्बिनी दर्शनमा गइयो भने, नेपाल र नेपालीहरूमा नदेखेको (शायद मैले देखिन) प्रचलन उल्लेख गर्न शान्दर्भिक ठान्छु। नेपालीहरू खाली पर्यटक स्थलको रूपमा भ्रमण गरेका प्रायः देखिन्छ भने विदेशीहरूले (शायद, भियतनामी, कोरीयाली, जापानीजहरू) अशोक स्तम्भ, नजिकै रहेका ठूलो रूख, मायादेवीको मन्दिरको भित्र चारैतिर भन्तेहरू र उपासक र उपासिकाहरू समेत जन्मस्थलको महत्त्वलाई हृदयंगमगरी परित्राण पाठ, ध्यान भावना गरिरहेको समेत देखें। तर यस्तो वातावरणमा कोही नेपालीलाई देख्ने मौका पाइएन, शायद यस्तो शिक्षा, जन्मस्थलको महत्त्व, संवेग नेपालीहरूलाई दिएकै छैन ? वा प्रचलन बनाउन आवश्यक ठानिएन ?

आखिरमा जे सुकै होउन, सन् २०११ पर्यटन वर्ष, बुद्धको जन्म भूमी लुम्बिनीको व्यापक प्रचार-प्रसार र सँगै यसको महत्त्व नेपाली जनमानसमा समेत पुऱ्याउन सम्बन्धित सबै बौद्धमार्गीहरू, बौद्ध संघ संस्थाले पर्यटन मन्त्रालयसँग समन्वय गरी कार्य गर्नुपर्ने नेपाल र नेपालीको समेत कर्तव्य हो भन्ने लाग्छ।

आज भारतमा अर्के लुम्बिनीको निर्माण हुँदैछ भन्ने वातावरणको विरुद्ध समेत यो पर्यटन वर्षमा लुम्बिनीको उत्खनन् गरी बुद्धको जन्मस्थललाई विश्वसामु प्रमाण पेश गर्ने डा. फुहररको परीवारका (सम्वन्धित दुतावाससँग समन्वय गरी कार्य बढाउन सबै बौद्ध संघ संस्थाहरूको प्रयास गर्नुपर्ने) सदस्यहरूलाई आउँदो २५५५ बुद्ध जयन्ती र नेपाल पर्यटन वर्षको समेत संयुक्त अवस्थामा मान सम्मान गर्नु सम्पूर्ण नेपाल र नेपालीहरूको कर्तव्य हो भन्ने लागेको छ। आज लुम्बिनी पर्यटक र पर्यटन क्षेत्रमात्र नभई भगवान बुद्धप्रति सच्चा श्रद्धा व्यक्त गर्ने ठाउँको रूपमा विकास गर्न आवश्यक भएकोमा शायद् दुईमत नहोला भने डा. फुहररको परीवारका सदस्यहरूलाई २५५५ बुद्ध जयन्तीका उपलक्ष्यमा नेपाल बोलाई सम्मान प्रदान गर्ने कार्यक्रमको खाँचो छ। यसबाट सच्चा रूपमा बुद्ध धर्मको उपादेयेता मात्र नबढ्ने भई नेपाल र नेपालीले गुणको सच्चा स्मरण गरी वहाँको (डा. फुहरर) ऋणबाट मुक्ति हुने अवसर पनि प्राप्त हुन सक्दछ। सम्वन्धित निकायको समयमै ध्यान जाउन् भनी विनम्र आग्रह गर्दछु।

सबैको कल्याण होस् ! सबैको मङ्गल होस् !!

सबैको भलो होस् !!! ❖

### ध्यानकुटी मैत्री वाल आश्रमलाई सहयोग

| | | |
|---|---|---|
| १) | हरिमान रञ्जित, छाउनी | १०००/– |
| २) | सूर्य माया श्रेष्ठ, साँगा | ५००/– |



Downloaded from http://www.dhamma.digital

*आवरण फोटो परिचय*

## लुम्बिनी शान्तिस्तूप

सद्धर्मपुण्डरिक–सूत्र (लोटस् सूत्र) मा उल्लेख भएअनुसार विश्वमा शान्ति मैत्री र सद्भावना फैलाउन एवंम् पृथ्वीलाई शुद्ध र स्वच्छ प्रेमको रूपमा स्थापनार्थ यस लुम्बिनी शान्ति स्तूपको निर्माण गरिएको हो ।

जापानमा दोस्रो विश्व युद्धताकाको हिरोसिमा र नागासाकीमा आणविक शस्त्रको प्रहारद्वारा असङ्ख्य मानवीय नरसंहार दर्दनाक दृश्यबाट भावविह्वल भई फूजीइ गुरुजीले संसार भरि नै शान्ति स्तूपको निर्माणकार्य थाल्नु भएको हो ।

निप्पोञ्जन म्योहोजी (फूजीइ गुरुजीद्वारा स्थापित बौद्ध संस्था) द्वारा नेपाली र जापानी श्रद्धालुहरूको उद्धार सहयोगबाट लुम्बिनी शान्ति स्तूपको निर्माण गरिएको हो ।

भगवान बुद्धको पवित्र अस्थिधातु स्तुपको गर्भमा र गजुरमा प्रतिस्थापित गरिएको छ ।

✯ **प्राविधिक तथ्य–**

*डिजाइन-* जापानका डा. एम. ओओका

*निर्माण योजना-* मनोहर राजभण्डारी र सहायक, काठमाडौं

*जम्मा उचाई-* ४१.५ मिटर

*आधार स्तम्भ-* ५९ मिटर

गोलाई- २० मिटर

✯ **निर्माण सामग्री–**

स्तूपको सम्पूर्ण वनावट ईट र सिमेन्टद्वारा निर्मित

*बुद्धमूर्ति र गजूर-* तामामा सुनको जलप (हेइयन विजुत्सु जापान)

*सिमेन्ट-* ९०० मे.टन

*टि/एस् रिइन्फोर्सिमन्ट-* ४११ मे.टन

*मार्वल ढुङ्गा-* २७,००० स्क्वायरफिट (राजस्थान, भारतबाट

✯ **निर्माण अवधि–**

७ वर्ष ।

**निप्पोञ्जन म्याहोजी, लुम्बिनी दोजो**

**धर्मप्रचार समाचार**

### मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना

*२०६७ पौष २८ गते । स्थान- मैत्री बोधिसत्त्व महाविहार*

मैत्री बोधिसत्त्व विहारमा हरेक महिनाको शुक्लपक्ष अष्टमीका दिन सञ्चालन भइरहेको बुद्ध पूजा कार्यक्रम अनुसार यसदिन प्रज्ञानन्द स्मृति ज्ञानमाला भजन खलः, शाक्य सिंह विहार ललितपुरको तर्फबाट ज्ञानमाला भजन प्रस्तुत गरेको थियो । भजन पश्चात् केशावती गुरुमांले पञ्चशील प्रार्थना गराउनुभई बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो । यसरी नै उहाँले धर्मदेशना पनि गर्नुभएको थियो । यसदिन कार्यक्रममा उपस्थित हुनुभएका सबैलाई दानकेशरी, मथुरा, कमलशोभा, हरीवरण र चिनीयादेवी आदि उपासिकाहरूको तर्फबाट जलपानको व्यवस्था मिलाउनुभई पुण्य सञ्चय गर्नुभएको थियो ।

## भगवान् बुद्धया अनुयायी झीपिं

✍ **डा. गणेश मालाी**

बुद्धया अनुयायी झीपिं
धर्म प्रचारे न्ह्याः वनेनु,
शील, समाधि प्रज्ञाया लँ पु
छाय् माल झीत कँ वनेनु ॥१॥

गन–गन धर्म मदै च्वन लोके,
अन–अन झी थ्यंकः वनेनु,
धर्म छाय् माल बोध याना थन
प्रज्ञाया मत च्याके बी नु ॥२॥

सकतां लोके खने दयाच्वन,
खने मदैच्वन धर्म छ्ता,
धर्म छु खः छाय् माल थन धैगु,
थ्वीका बी माल झीसं नु ॥३॥

दुःख अशान्ति दुराचार,
दुर्व्यवहार थन गाक्कं दु,
सुख शान्ति व सद्व्यवहार
सदाचारया लँपु क्यना बी नु ॥४॥

कतः स्यानां थः जीकेगु बुद्धि
खनेदैच्वन थन न्ह्याथाय् नं,
थः व कतः सम खंकेगु ज्ञान
दय्काबी माल झीसं नु ॥५॥

ध्यान भावनां मन यच्चुसे च्वंका,
कुशलगु कर्म याय्गु गथे,
अकुशल कर्म ज्याच्वंगु लोके
सेनाबी माल थन झीसं नु ॥६॥



Downloaded from http://www.dhamma.digital

# Nuns of Srilanka

✍ Ms. Abhaya Weerakoon

The order of nuns in Srilanka has a long history. After the Indian emperor Ashoka was converted to Buddhism, his son Mahinda and his daughter Sanghamitta entered the Sangha and each attained the State of arahantship. In time, the Arahant Mahinda Maha Thera led a mission to Sri Lanka where he established the Bhikkhu Sangha in the third century B.C. when Sri Lankan women appealed to Mahinda Maha Thera to admit them too to the order, he explained that a team of bhikkhunis was required to perform such an ordination. At his request Arahant Sanghamitta Theri traveled to Sri Lanka for this purpose with a group of bhikkhunis.

In anticipation of taking full ordination, the Sri Lankan queen Anula, along with 500 other women who wished to enter the order, gave up their lay lives, lay attitudes, lay endeavors and lay appearances and observed the ten precepts in preparation for this great step. This was similar to what Queen Maha Pajapati Gotami had done with her retinue of ladies when they sought entry to the bhikkhuni order from the Buddha, Subsequently, Queen Anula and the 500 women were ordained and the bhikkhuni lineage was established in Sri Lanka.

History shows the disappearance and reintroduction of the orders of bhikkhus and bhikkhnis in various countries from time to time. We know for instance that missions had to be sent to Thailand from Sri Lanka when the order of bhikkhus was extinct there. Sri Lanka also had to depend on Thailand and Burma for the reintroduction of the order several times in a similar way. Similarly, Bhikkhuni Dewasara is believed to have taken the bhikkhuni order to China from Sri Lanka.

In recent times the order of bhikkhus was reintroduced to Sri Lanka, once from Thailand by Welivita Saranankara Sangha Raja Thero in 1753 and again from the city of Amarapura in Burma by Welitara Gnana Wimalatissa Thero in 1803 and from the district of Ramanna in Burma by Ambagahawatte Indasabhavara Gnanasami in 1863. Immediately prior to 1753 there were persons with the outward appearance of monks who observed the ten precepts (dasasila). They had renounced lay life and were referred to by some as bhikkhus and by others as ganninnanses, even though the bhikkhu lineage was not existent at the time. These monks played a very important role and were instrumental in preserving the Buddhist tradition in Sri Lanka in the succeeding years.

In 1905, a woman named Sri Sudharmachari returned to Sri Lanka from Burma. Having renounced lay life, she observed ten precepts and was referred to as anagarini (homeless one) or what is known in the present day language of Sri Lanka as dasasil mata. Thus, in common parlance, the word “nun” can have two meanings. It can mean bhikkhuni, a fully ordained nun, the lineage of which is now extinct in Sri Lanka; it can also mean a woman who has given up worldly life and lives the life of a bhikkhuni but observes only ten precepts. This woman or referred to as dasasil matas in Sri Lanka, or maejis in Thailand and are not formally recognized as part of the Sangha. The lifestyle of the great women Pajapati Gotami and Queen Anula with their followers, living as nuns in anticipation of bhikkhuni ordination, can be viewed as the inspiration for the vocation of dasasil matas of the present day.

The number of dasasil matas in Sri Lanka did not increase for about the first fifty years after the arrival of Sri Sudharmachari. A decision to renounce lay life and join the order of bhikkhus was greeted with great respect and celebration, but renunciation on the part of a woman was received with surprise and suspicion. It aroused the curiosity of many to find out what prompted such action, whether such a person needed psychiatric treatment or whether taking ordination was a convenient way to eke out an existence. This attitude was only one reason for the very slow growth of the population of nuns. Other reasons include the following:

(1) There was no royal patronage for the new order as there was during the time of Arahant Sangha Mitta Theri. Sri Lanka in 1905 was under British colonial rule and official religious emphasis was christian.
(2) Sri Lankans who had risen to the higher echelons were heavily influenced by colonial ideology and did not support the country’s Buddhist heritage.
(3) Sri Lankan monks did not canvass for the rights of women to lead lives as nuns.
(4) The Knowledge of Dhamma among the laypeople was minimal. Dhamma was taught in Dhamma schools which were quite scarce then and the popular way of receiving teachings was at the feet of a monk or at sermons held at a temple at night, which virtually precluded the participation of



Downloaded from http://www.dhamma.digital

women.

(5) Society dictated that women were relegated to the tasks of running a home and attending to the needs of their children, husbands and parents - inlaw. Therefore, renunciation or even listening to teachings was not possible for them until reached old age.

With time, however, as Buddhism gained status in the eyes of society and as Dhamma Schools increased in number, greater opportunities were provided for the young to learn the Dhamma and a new era downed. The Dhamma schools were in effect a passport to forbidden territory for young girls. They provided new access to religious education and wisdom. The path of renunciation came to be appreciated and the numbers of women giving up worldly life for the religious life began increasing. It seems that women tend to have certain qualities which are stronger in them than in their male counterparts, and one such asset is saddha, respect supported by appreciation. This abundance of devotion in women is amply displayed by their enthusiastic participation at religious functions. With the opportunities for living as dasasil matas now available to women, the day is not for away when nuns will outnumber monks. This should open our eyes to the facilities currently available to nuns, as well as those still needed for helping them lead the religious life.

Religious devotion may indeed lead women to wear the robes of nuns, but thereafter they are almost stranded. Lacking an organized support system, they live as individuals in scattered locations. They have lost the world they renounded, yet tuere is hardly anyone to receive them in their new environment. Bereft of companionship and encouragement, there it a resulting lack of self-confidence. Many changes are needed to help give the nuns strength and confidence. Improved condition for nuns will no doubt give rise to more congenial, supportive communities.

Throughout Sri Lanka there are aramas (hermitages), where one or two nuns stay. A nunnery of fifteen or twenty is very rare. Each arama is supported by the village, so there have been occasions of competition and rivalry between monks and nuns, which is very unfortune. Friend liness with the sangha is essential.

Efforts are currently being made to improve the difficult situation of nuns in Sri Lanka. In each of the twentyfive districts, monthly get-together for nuns have been organized wich are designed to Improve Communications, Leadership Qualities, Deportment, Mutal Respect and Organizational skills. This program has become very popular and successful.

The December full moon is enthusiastically celebrated each year in commemoration of the arrival of Sanghamitta Theri and the establishment of the order of bhikkhunis. On this day in 1986 almost the entire body of Sri Lankan nuns gathered in the sacred city of Anuradhapura under a new flag and a slogan from the Buddha's words:

"Patience is the highest from of asceticism" It is clear that patience is necessary for the tasks that nuns are now undertaking.

The Anuradhapura congregation was very successful in promoting unity among nuns. There have been several requests to make this an annual event. A number of nuns have suggested drawing up plan for the future, a code of conduct for nuns, and several other projectcs. There is a new awakening among dasasil matas, an increasing feeling of confidence, acceptance of responsibility, a feeling of solidarity and an expression of dedication, sacrifice and eagerness. The time is now ripe, therefore, for future steps which can partly be accomblished through improved education. The knowledge of Dhamma most nuns have was received at the Dhamma Schools meant mainly for lay children while monks have educational centers known as privenas, the nuns have had difficulty in getting religious education. A few Dhamma Classes for nuns have been organized in same districts, with monks volunteering their teaching services. There is need for setting up suitable libraries and a residential training center of nuns. Another very beneficial potential project is that of setting upon International Nun's Center, where nuns from various parts of the world are afforded an opportunity to study Buddhism and undergo training. There is also a great need for a hostel for nuns visiting colombo and other cities.

To meet the financial needs of dasasil matas, wherever possible I think it is a very good idea to create trusts and investments of funds in banks which would generat interest to provide their essential requirements. There are a few cases of this happening in Sri lanka already and I hope that this trend will continue to increase. Our country has received massive amounts of financial assistance for its development from many friendly countries both in East and West. Perhaps these countries can also helps the world community of Sangha. Even minimal amounts of assistance would be sufficient to took after the needs of our nunneries and to make possible future international gathering of nun. In the past in Sri Lanka, lay support for Sangha has been directed more towards monks than nuns, but we hope to ensure that nuns will not be an egnored sector in the future. ❖



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

**धर्मकीर्ति विहार् २०६७ श्रावण २६ गतेनिसें भाद्र २५ गते (गुंला पारु निसें ञला दुतिया) तक बुद्ध पुजा व धर्म देशना धुंकाः धर्मकीर्ति मिजं पुचःया ग्वसालय् जूगु जलपान ज्याङ्वःयात हापं विया ग्वहालि याना दीपिं दातापिनिगु नां धलः व उकिया ल्याःचा क्वय् न्ह्यब्वया कथं दु । थजागु बुद्ध शासन चिरस्थायी जुईगु ज्याय् छलपोल छिकपिनिगु श्रद्धा न्ह्याबले बिलिबिलि जायेमा धकाः मनंतुसें साधुवाद देछाना च्वना ।**

| गते | दातापिनिगु नां धलः | रु. |
|---|---|---|
| १ | कुल धर्मरत्न तुलाधर, महाबौद्ध | ६५००/– |
| २ | इन्द्रलाल नकःमि, त्रिपुरेश्वर | ६५००/– |
| ३ | दिवंगत बिमलाया नामं दान बहादुर व लक्ष्मी | ४५००/– |
| | दिवंगत जहान नारायण भगतया नामं हेरालक्ष्मी श्रेष्ठ व कायपिं, ठहिटी | २०००/– |
| ४ | सेंकाजी प्रजापति, ज्याठा | ६५००/– |
| ५ | सीता महर्जन, लाजिम्पाट | ६५००/– |
| ६ | कुल बहादुर महर्जन, सामाखुसी | ६५००/– |
| ७ | ल्यासे अजि पुचः | क्वाती जलपान |
| ८ | दान केशरी शाक्य, असं | ६५००/– |
| ९ | दिवंगत वा अष्टमान व माँ बेखामायाया नामं रत्नवीर | ६५००/– |
| १० | दिवंगत जहान गणेशलालया नामं इन्द्रमाया नकःमि, ढल्को | ६५००/– |
| ११ | दिवंगत बा कुल बहादुर व माँ कृष्णमाया महर्जनया नामं खेमावती गुरुमाँ | ४५००/– |
| १२ | बसुन्धरा, अष्टमाया, नानीमाया, रमिला व न्हुच्छे पुचः | ४५००/– |
| १३ | मुकुण्ड, सानुमैयाँ व सुरज नकःमि, टेकु | ६५००/– |
| १४ | दिवंगत जहान नारायण भगतया नामं हेरालक्ष्मी श्रेष्ठ व कायपिं, ठहिटी | ६५००/– |
| १५ | पूर्णदेवी पुचः | ६५००/– |
| १६ | जगतमाया, बालाजु, चक्रपथ | ६५००/– |
| १७ | चम्पा पुचः | ४५००/– |
| १८ | लक्ष्मी कुमारी पुचः | ४५००/– |
| १९ | अमिरा लक्ष्मी तुलाधर, कमलाछि | ६५००/– |
| २० | इन्द्रदेवी नकःमि, डिल्ली बजार | ३५००/– |
| २१ | दिवंगत मिश्री शाक्यया नामं म्ह्याय् तारा बज्राचार्य | ६५००/– |
| २२ | सानुमाया प्रजापति, ज्याठा | ६५००/– |
| २३ | धर्मकीर्ति मिजंपुचः | क्षीर जलपान |
| २४ | मचाकाजी महर्जन, किलागः | ६५००/– |
| २५ | मयजु महर्जन, चक्रपथ, बालाजु | ६१००/– |
| २६ | मचाम्ह महर्जन, त्यर | ४५००/– |
| २७ | प्राणमाया महर्जन | ६५००/– |
| २८ | हरिमान रञ्जित | ४५००/– |
| २९ | प्रेमकृष्ण महर्जन, साखुनां | ४५००/– |
| ३० | हेरा नारायण महर्जन, हिजाखुसी | १५००/– |
| ३१ | पुष्प महर्जन | ७५००/– |
| ३२ | रत्नमाया महर्जन | २००/– |
| ३३ | ध्रुव राजकर्णिकार | १५०/– |
| ३४ | तिर्थ नारायण महर्जन | ४००/– |
| ३५ | हेरारत्न महर्जन | ५००/– |
| ३६ | दिवंगत प्रेमया नामं तारा | २००/– |
| ३७ | छोरी महर्जन, ब्रह्मुत्वा | १००/– |
| ३८ | बसुन्धरा, भःननि | १००/– |
| ३९ | भुवनेश्वरी श्रेष्ठ, तँलाछि | ५००/– |
| ४० | रामेश्वरी चित्रकार | १०२/– |
| ४१ | लोचनदेवी | १००/– |
| ४२ | सुवर्णलक्ष्मी तुलाधर | १००/– |
| ४३ | दशमाया महर्जन, किलागः | २००/– |
| ४४ | ज्ञानकुमारी मानन्धर, ठबहि | २००/– |
| ४५ | सानुमयजु नकःमि, कालधारा | २००/– |
| ४६ | चन्द्रबहादुर नकःमि, ढोकाबहाः | १००/– |
| ४७ | बलराम नकःमि, सामाखुसी | २००/– |
| ४८ | पूर्णमाया तुलाधर, थायमदु | २००/– |
| ४९ | दि. राम प्रसादया नामं मङ्गलदेवी | ५००/– |
| ५० | नानीमाया, नक्साल | २००/– |
| ५१ | जगतमाया, नक्साल | ५०/– |
| ५२ | पूर्णमैयाँ श्रेष्ठ | २००/– |
| ५३ | दानमाया चित्रकार | ५००/– |
| ५४ | लक्ष्मी मानन्धर | ५००/– |
| ५५ | दानमाया तुलाधर | १५०/– |
| ५६ | सुगत तुलाधर, कालधारा | ५००/– |
| ५७ | दिवंगत मानलाल | १००/– |
| ५८ | दिवंगत सन्तुमाया | १००/– |
| ५९ | दिवंगत चन्द्रदेवी नामं भरतमान | १००/– |
| ६० | बद्रिमान सिं | १००/– |
| ६१ | सुदर्शनमान | ५०/– |
| ६२ | ज्वालादेवी | ५०/– |
| ६३ | च्याम्ह पुचः | २२१/– |
| ६४ | पूर्णदेवी, यटखा | १००/– |
| ६५ | जगतमाया मानन्धर, डल्लु | ३००/– |
| ६६ | प्रतिसरा तुलाधर | २००/– |
| ६७ | रीता स्थापित | ५००/– |
| ६८ | तारादेवी कंसाकार | ३००/– |
| ६९ | दानमाया | १००/– |
| ७० | नानीमैयाँ | १००/– |
| ७१ | हिरामाया साही | २००/– |
| ७२ | विष्णुदेवी मानन्धर | २२०/– |
| ७३ | लक्ष्मी महर्जन, मुस्या बहाः | १००/– |
| ७४ | मोहनमाया महर्जन | १००/– |
| ७५ | शीलहेरा | १००/– |
| ७६ | चन्द्रशोभा महर्जन | ५०/– |
| ७७ | सुरेन्द्र महर्जन, बालाजु | १००/– |
| ७८ | इन्द्रमान नकःमि, क्वाडो | १००/– |
| ७९ | लक्ष्मी मानन्धर | ५०/– |
| ८० | कृष्णदेवी प्रजापति | ५०/– |
| ८१ | कृष्णदेवी महर्जन | ५०/– |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ८२ | दि. राधाकृष्णया नामं | १००/– |
| ८३ | बेखामाया महर्जन, ठबहि: | ४५००/– |
| ८४ | सरीता नक:मि, कुसुमबियालाछी | ४५००/– |
| ८५ | आशाकाजी महर्जन, त्यर | ३०००/– |
| ८६ | मोतिकृष्ण तुलाधर, लाजिम्पाट | १५००/– |
| ८७ | तुल्सीमाया महर्जन, बालाजु | १०००/– |
| ८८ | रामेश्वर मानन्धर | ५००/– |
| ८९ | हर्ष बहादुर महर्जन, कमलाछी | ५००/– |
| ९० | हिराभाई तुलाधर, असं | ५००/– |
| ९१ | अम्बर रत्न स्थापित, सोन्हखुट्टे | ५००/– |
| ९२ | अमर बहादुर नक:मि, कालधारा | ५००/– |
| ९३ | धन बहादुर नक:मि, ढल्को | ५००/– |
| ९४ | राम बहादुर नक:मि, कुपण्डोल | ५००/– |
| ९५ | तुल्सीकृष्ण मानन्धर | ५००/– |
| ९६ | दवलकाजी तुलाधर | ५००/– |
| ९७ | न्हुच्छमाया तुलाधर, लाजिम्पाट | ५००/– |
| ९८ | रामहरी मुनिकार, बालाजु | ५००/– |
| ९९ | चुनुशोभा बज्राचार्य, ढल्को | ५००/– |
| १०० | गणेश कुमारी डङ्गोल, वहिटी | ५००/– |
| १०१ | मचाम्ह महर्जन, कालधारा | ५००/– |
| १०२ | कृष्णदेवी महर्जन, कालधारा | ५००/– |
| १०३ | सानुमैयाँ बज्राचार्य, विशालनगर | ५००/– |
| १०४ | शान्ति मानन्धर, ताहागल्ली | ५००/– |
| १०५ | तिर्थमाया महर्जन, टेङ्ग | ५००/– |
| १०६ | पुष्प श्रेष्ठ, कालधारा | ५००/– |
| १०७ | विष्णुदेवी महर्जन, किलाग: | ५००/– |
| १०८ | हसन कुमार बज्राचार्य, बबरमहल | ५००/– |
| १०९ | रजनी तुलाधर, इवा वहा: | ५००/– |
| ११० | छोरी महर्जन, बालाजु | ५००/– |
| १११ | रामकृष्ण महर्जन, बालाजु | ५००/– |
| ११२ | सानु महर्जन, मरू | ६००/– |

| ***क्र.सं.*** | ***खर्च*** | ***रु.मा*** |
|---|---|---|
| १ | दुरु (९०७ ग:) | १८१४०/– |
| २ | च्या (५ के.जी.) | १०००/– |
| ३ | चिनी (२७१ के.जी.) | १७३८९/– |
| ४ | मैदा (१६४ के.जी.) | ५६४०/– |
| ५ | आटा (१०० के.जी.) | २९००/– |
| ६ | मुस्याचिकं (१६० लिटर) | १४७२०/– |
| ७ | ग्याँस (८ ग:) | १००००/– |
| ८ | चना (८३.५ के.जी.) | ७७५०/– |
| ९ | सिमि (२ के.जी.) | १४०/– |
| १० | चाउचाउ (३० के.जी.) | १४४०/– |
| ११ | प्याज (२८ के.जी.) | ८५८/– |
| १२ | बजि (१८ के.जी.) | १४४०/– |
| १३ | घ्य: (१.१ के.जी.) | ६३०/– |
| १४ | सुजी (५ के.जी.) | २५०/– |
| १५ | आलु (२१.५ धार्नी) | १५००/– |
| १६ | कयगु (२९ के.जी.) | १३७५/– |
| १७ | जाकी (२२.५ के.जी.) | १३९०/– |
| १८ | बन्दा (१० के.जी.) | २८०/– |
| १९ | चि (२ के.जी.) | ३०/– |
| २० | लाबा (३.२०० ग्राम) | ६८४/– |
| २१ | पालु (२.७ के.जी.) | ३१४/– |
| २२ | गरम मसला (३ पाकेट) | ११९/– |
| २३ | मल्टा (०.५ के.जी.) | ९५/– |
| २४ | पाउरोटी (३६ ग:) | ७९२/– |
| २५ | हलू (७०० ग्राम) | २८०/– |
| २६ | जी (१ के.जी.) | ३४०/– |
| २७ | छोहरा (२ के.जी.) | १३०/– |
| २८ | दाख (१ के.जी.) | २७५/– |
| २९ | सुकुमेल (२०० ग्राम) | २३०/– |
| ३० | धन्या (३०० ग्राम) | ७५/– |
| ३१ | प्वल:चा (२ के.जी.) | १२५/– |
| ३२ | वाउँगु प्याज (८ थु) | ५०/– |
| ३३ | सर्फ (७ पाकेट) | १७५/– |
| ३४ | साब्वों (४ ग:) | २५/– |
| ३५ | रामतोरी (१ के.जी.) | ५०/– |
| ३६ | स्कूस (३ के.जी.) | ७५/– |
| ३७ | मुस्या (०.५ के.जी.) | ३०/– |
| ३८ | रहर (६०० ग्राम) | ७२/– |
| ३९ | आमली | २०/– |
| ४० | सामान ढुवानी | ३८०/– |
| ४१ | छा: | २०/– |
| ४२ | ग्याँस रेगुलेटर व क्लिप | १६०/– |
| ४३ | ग्याँस पाईप ३ मीटर | ३७५/– |
| ४४ | चाल्नी (२ गु) | ७०/– |
| ४५ | हिटी दुगु थल: (१ ग:) | ३५०/– |
| ४६ | नरबहादुरयात ज्याला | ३३६०/– |
| ४७ | फोटोकपी खर्च | १८०/– |

**मुक्कं खर्च = ९५७२३/–     मुक्कं आम्दानी = २०३८९३/–**

**मुक्कं ल्यंगु ध्यबा रु. १०८,१७०/– तका धर्मकीर्ति मिजं पुचः जलपान कोषय् जम्मा जूगु खँ लसतां क्यनाच्वना – धनबहादुर नक:मि, धर्मकीर्ति मिजं पुचः नायो ।**

# धर्मकीर्ति विहारया पाखें २०६७ सालया श्रीलंका भ्रमण

*प्रस्तुती- केशावती गुरुमां*

थ्वहे वंगु पौष ८ गते निसें २२ गते तक्क धर्मकीर्ति विहार पाखें धम्मवती गुरुमाँया अनुमति व केशावती गुरुमाँया नेतृत्त्वय् श्रीलंका भ्रमण क्वचाल । थुगु भ्रमणय् धर्मकीर्ति विहारया उपासक/उपासिकापिं व गुरुमापिंयाना जम्मा ३३ यात्री दु ।

जिपिं सकसिनं १२ दिनतक श्रीलंका भ्रमण यानावया । श्रीलंका भ्रमण यानागु थायत् थुकथं दु–

क्यान्दि (दन्त धातु), अनुराधापुर (संघमित्ता गुरुमां नं बोधिवृक्ष हयाबिज्यागु थाय्), कलुत्तर चैत्य, नुवोरेलीयालक, सीता ऐलीय, पेरादेनी क्यापस, क्यादि गारदेन, गलु कोतुवा, मातर, कान्डे विहार, वेउरकानाला, तिस्सामाहा विहार, कतरगम चैत्य, किरिवेहेरा, डेमतमलुवा, कतरगम डेवाल, रेवानौला, डुमीनडा, नुवोरेलीवा, पोलंनारूवा, डाम्बुला, सिग्रीरीया, मातले अलु विहार, त्रिकुनामली, सेरुवेवी, कोनेशोर



Downloaded from http://www.dhamma.digital



*श्रीलंकाया अनुराधापुर, श्री महाबोधि (संघमित्ता गुरुमांनं बोधिवृक्ष हयाबिज्या:गु थाय्)*
*श्रीलंका भ्रमणय् वंपिं यात्रुतय् नाप भ्रमणया नेतृ केशावती गुरुमां व मेपिं गुरुमांपिं*

मन्दिर, निलवेली समूदर, वर्ड आइलाण्ड, अइत साकरेड, थानतीरीमाले माहासावक, सिरिपाद (भगवान बुद्धया पाद चरण) क्यालनी विहार, गंगाराम विहार, गोलफेस, गालकिस विहार इत्यादि ।

पौष १९ गते आलोक भन्ते च्वनाबिज्यागु विहार बजीराम विहारे ८० जना भन्तेपिं व गुरुमांपिन्त जिपिं वनापिं समूह पाखें भोजन दान याना । उपासक-उपासिकापिनी विदेशे चाहिला भोजन दान, दानप्रदान याना बाँख, परित्राण न्यनेखना: तसकं हर्ष ताया च्वन । इमि थ:थ:पिनि भाग्य ख: धका: भा:पियाच्वन ।

गुमं श्रद्धादुपिं दातापिनी भोजन जलपान याकादिल मानकाजी, सिधिदिवी शाक्यं भोजन याकादिल बामाँ मदुगुया नामं । अथेहे रत्नशोभा शाक्य, वसुन्धरा मानन्धर, रत्नदेवी मानन्धर, पूर्णलक्ष्मी वज्राचार्य, भन्तेपिं व गुरुमाँपिं वनापिं सकसितं जलपान याकादिल ।

थुगु यात्राय् जिमित विशेष गुहाली याना बिज्या:पिं श्रीलंका अध्ययनयाना च्वंपिं भन्तेपिं धम्मपाल व आलोक भन्ते ख: । वस्पोलपिसं थ:पिनि नयेगु, त्वनेगु, च्वनेगु थाय्तकं बिचा:मयासे जिमित गुहाली याना बिज्यात । उकिं जिमिगु पाखें साधुवाद दु ।

अथेहे गाइड यानाबिज्या:म्ह सुर्वा भन्ते, पदुम भन्ते, सुशोभन भन्ते, गुरुमापिं रूपावती, क्षान्तिवती गुरुमांपिन्त साधुवाद दु ।

छन्हु वहनी आलोक भन्ते गुरु भन्ते नं वनापि दातापिन्त वहनीया डिनर बियाबिज्यात । वस्पोलयात यक्को साधुवाद दु ।

अथेहे वजिराम विहारे च्वनेगु थाय्, नय्गु थाय् थगु हे छ्यैं थें च्वंक सुविधा बिया बिज्यागुलिं आलोक भन्तेया गुरु व आलोक भन्तेयातनं साधुवाद वन्दना दु । अन विहारे १५०००/– चन्दा वियावया समूह पाखें । थुसी सकलें होटले च्वना । निन्हु जक विहार च्वना ।

जिपिं सकलें न्हयाईपुक श्रीलंका भ्रमण यानावय् दुगुलिं सकलें वनापिं समूह न्ह्याइपुसे च्वनाच्वन । श्रीलंका देशे बुद्धधर्म माने याइपिं व सकलें छक: चाहिऊ वनेमागु वने वहगु थाय् ख: ।

२० गते सुथे दिल्ली थ्यन । दिल्ली निन्हु च्वना । अननं होटले च्वना । २१ गते अक्षर मन्दिर, कुटुम्मिनार, लोटस टेम्पल इत्यादि चाहिला वया ।

२२ गते ४ वजे जिपिं वनापिं सकलें नेपाले याउँक थ्यन । दक्को याना १५ दिन याउँक चाहिला वया ।

जित:नं तसकं लयताल । थम्हं श्रीलंका ब्वना वयाथें थम्हं सिउगु दातापिन्तनं चाहिके दया: । थ्व दक्को प्रेरणा बिया बिज्याम्ह गुरु धम्मवती गुरुमाँ ख: । वस्पोलं यानाबिज्याना: जित: भ्रमणे यंकेगु शक्ति दुगु ख: । उकिं वस्पोल गुरु धम्मवती गुरुमांयात निरोगी ज्वीमा धका: न्ह्यावलें बुद्धयाके प्राथना याना च्वना ।

सकसियां सुखी निरोगी, दिर्घायु ज्वीमा ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसं ऊप समोसुखो ।



## तारा शोभा ताम्राकार

*बुँ दिं: वि.सं. २००७ आषाढ ७ गते – मदुगु दिं: वि.सं. २०६७ पौष ३० गते*

**ठमेल यँः च्वनादिम्ह जिमि भोजन पुचःया दुजः**

## मयजु तारा शोभा ताम्राकार

**मत्यवं मदुगुलिं दुःखकया च्वपिं छें जः परिवार पिन्त धैर्य वल वृद्धी ज्वीमा नापं मदुम्ह जःयात न सुगति एवंम् निर्वाण प्राप्ति कामना याना च्वना ।**

# पूर्णहिरा भोजन पुचः


धर्मकीर्ति विहार

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



लुम्बिनी शान्ति स्तूपमा स्थापित बुद्ध प्रतिमा

वर्ष-२८; अङ्क-१०

बु.सं. २५५४, सि पुन्हि

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।
२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।
३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू यथाशिघ्र समयमानै हामीलाई लेखी पठाउनु होस् ।
४. हामी तपाइँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।
५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| क्रसं | विषय | लेखक | पेज नम्वर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- बुद्धको विशेषता | - | २ |
| ३. | तेस्रो दिन | - | ३ |
| ४. | दुःखमय संसार | - माधवी गुरुमां | ५ |
| ५. | भावनामय प्रज्ञा | - भिक्षु अश्वघोष | ६ |
| ६. | चतुआर्यसत्य भनेको के-के हुन्-२ | - धम्मवती गुरुमां | ७ |
| ७. | बौद्ध विश्वास | - के.श्री धम्मानन्द, अनु. प्रकाश बज्राचार्य | ८ |
| ८. | विश्वविजेता | - नरेन्द्रनाथ भट्टराई | १० |
| ९. | धम्मवतीया धर्म घःचाः | - अमृतनाथ शाक्य भिक्षु | १० |
| १०. | आमाबाबुका कर्तव्यहरू-२ | - नारद महास्थविर, अनु. रीना बानिया | ११ |
| ११. | अनन्त ज्योति-१६ | - श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन, अनु. देवकाजी शाक्य | १३ |
| १२. | राम्रो-नराम्रो, सौभाग्य वा दुर्भाग्य हाम्रो व्याख्या | - आशो मैत्रेय | १४ |
| १३. | बुद्धयागु जन्म | - राजीब बज्राचार्य | १५ |
| १४. | श्रमण नारद-२ | - श्रीयुत नाथुराम प्रेमी, अनु. प्रकाश बज्राचार्य | १६ |
| १५. | सत्कर्मको फल | - | १८ |
| १६. | लुम्बिनी दर्शन, नेपाल र नेपालीको कर्तव्य | - शिशिल चित्रकार | १९ |
| १७. | ध्यानकुटी मैत्री वाल आश्रमलाई सहयोग | - | १९ |
| १८. | लुम्बिनी शान्तिस्तूप (आवरण फोटो परिचय) | - | २० |
| १९. | भगवान् बुद्धया अनुयायी झीपिं | - गणेश माली | २० |
| २०. | धर्मप्रचार समाचार | - | २० |
| 21. | Nuns of Srilanka | - Ms. Abhaya Weerakoon | 21 |
| २२. | धर्मकीर्ति विहार-गतिविधि | - | २३ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital